# परिच्छेद एक

# परिचय

बालबालिकाहरु अनन्त क्षमता र प्रतिभाका खानी हुन् । शिक्षण सिकाइको माध्यमबाट उनीहरुमा अन्तर्निहित क्षमता र प्रतिभाको प्रष्फुटन गरी भविष्यमा उनीहरुलाई सामाजिक जिवनयापनको लागि सक्षम र योग्य तुल्याउने काम शिक्षाको हो । बालबालिकाको सिकाइलाई सहज र मनोरञ्जनपूर्ण बनाउनको लागि उपयुक्त सिकाइ वातावरण आवश्यक हुन्छ । यसै विषयलाई दृष्टिगत गरी बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा आधारित रही यो अध्ययन गरिएको छ ।

## १.१. पृष्ठभूमी

शिक्षा ऐन २०२८ को शिक्षा नियमावली २०५९ को परिच्छेद १२ को नियम ६७ मा शिशु विकास केन्द्र  स्थापना सम्बन्धि व्यवस्था गरिएको छ । शिक्षा नियमावलीले दिइएको यही अधिकार प्रयोग गरी बालविकासकेन्द्र संचालनका लागि तत्कालिन सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग सानोठिमी भक्तपुरबाट प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धि निर्देशिका २०६१ जारी गरी प्राथमिक कक्षा १ मा भर्नाका लागि निर्धारीत ५ वर्ष उमेर पुरा नभइसकेका चार देखि पाँच वर्ष उमेर समुहका बालबालिकाहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास लगायत  सर्वाङ्गिण विकास गर्न र कक्षा १ को पठनपाठनमा प्रभावकारित ल्याउने उद्देश्य लिई संचालन गरिएको कक्षा बालकिास केन्द्र हो भने यसमा संचालित शिक्षण सिकाइ क्रियाकलाप बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया हो (वालविकास केन्द्र निर्देशिका, २०६१) ।

विश्वका विभिन्न देशहरुमा बालविकास केन्द्रका स्वरुपहरु भने फरक फरक रहेको पाइन्छ । EI 1999 का अनुसार नर्वेमा सबै किण्डरगार्टेन स्कुलहरु बाल तथा परिवार कल्याण मन्त्रालय अन्तर्गत छन् । ६ वर्ष मुनिका बालबालिका रहने यस्ता सबै विद्यालयमा राज्यको लगानी हुन्छ । त्यस्तै जापानमा नर्सरी  (Huikusho), k.g. (Yochin) र पूर्व प्रा.वि.हरु  अनिवार्य र विद्यालयको

अभिन्न अङ्ग बनेका छन् । रुसमा (३-७) वर्षका बालबालिकाहरुलाई राज्यले प्राथमिक बालशिक्षाको व्यवस्था गर्दछ । अभिभावकले खाजा खानको लागि भनेर केही रकम तिर्छन् ।

अमेरीकामा प्रा. वाल विकास अन्तर्गत बाल शिक्षाका रुपमा (०-२), (२-३) र (३-६) वर्ष समूहमा तीन तहको बाल स्याहार तथा बाल शिक्षाका कार्यक्रम छ । भारतमा $\left(2\frac{1}{2}-4\right)$वर्ष सम्म बाल बगैँचा (Gardern of Children) र (४-६) नर्सरीको प्रंचलन छ । कोठारी आयोग (१९६४-१९६६) ले पूर्व प्राथमिक शिक्षालाई प्राथमिक शिक्षाको पुरक मानेको छ ।

यसरी जे जसरी जुन रुपमा सञ्चालन भइरहेका बालविकास केन्द्रहरुले मुलत दुई किसिमले सेवाहरु पुऱ्याइरहेको पाइन्छ ।

क) बालविकास केन्द्रले आमा बाबुले दिने बाल स्याहारको काम गरेको छ ।

ख) पूर्व प्राथमिक कक्षाको पाठ्यक्रम भित्र रहेर वालकको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याएको छ , (सापकोटा, २०६०) ।

बालबालिकाहरुको २ वर्ष देखी ६ वर्ष सम्मको अवस्थालाई पूर्व वाल्यअवस्था (ECE) भनिन्छ (सिहं, २०६२) । यस अवस्थालाई आमा बाबुले समस्याको उमेर खेलौना खेल्ने उमेर भनेर बुझ्दछन् भने शिक्षाविद्हरुले पूर्व विद्यालय उमेर, रचनात्मक उमेर, आधार स्तम्भको उमेर र नक्कल गर्ने उमेर भनेर बुझ्दछन् । यसै गरी मनोवैज्ञानिकहरुले सामाजिक व्यवहारको आधार स्तम्भको अन्वेष्णात्मक उमेर, प्रश्नावलीको उमेर सिर्जनशिल तथा नक्कल गर्ने उमेर भनी आ-आफ्नो तरिकाले विश्लेषण गरेको पाइन्छ (शर्मा, २०५३) । यी तथ्यहरुलाई मनन् गर्दा प्रारम्भिक बाल्यअवस्था मानिसको सम्पूर्ण जिवनको परिचयात्मक अध्याय हो । यो अवस्थामा बालबालिकाको ९० प्रतिशत बौद्धिक क्षमताको विकास भइसक्ने र अन्य विकासका पक्षहरु पनि तीव्र गतिमा वृद्धि हुने भएकोले यो अवस्थामा विकासको पूर्ण अवसर प्रदान गर्नु नितान्त आवश्यक हुन्छ भन्ने कुरा विभिन्न समयमा गरिएको अनुसन्धानहरुले बताइरहेका छन् ।

बालबालिकाको सिकाइको महत्वपूर्ण पक्ष शिक्षण सिकाइ बातावरण बालकेन्द्रित बनाइनु हो । शिक्षण सिकाइ बालमैत्री हुनुपर्ने कुरा वास्तविक हो । बालविकास केन्द्रमा हाल सञ्चालन

भइरहेका शिक्षण क्रियाकलापहरु मध्ये धेरै जसो ज्ञानमा आधीरत छन् । शिक्षण शिक्षक केन्द्रित छ, बालबालिकाले सिक्नु पर्ने कतिपय सिपहरुमा अभ्यास गराउन सकिएको देखिदैन, शैक्षिक सामग्री र स्रोतसाधनको अभाव छ । सहयोगी कार्यकर्तालाई तालिम र उचित पारिश्रमिकको अभावमा बालविकास केन्द्रमा शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी रुपमा संचालनमा भइरहेको पाइदैन (प्रारम्भिक बालविकास दिग्दर्शन, २०६२) ।

बालबालिकाको सिकाइ प्रक्रियाका बारेमा हर्लक (१९९२) का अनुसार बालबालिका जब सिक्नका लागि रुची देखाउछन् त्यस समयलाई एकछिन पनि खेर जान दिनु हुदैन । रुची अनुसारका क्रियाकलाप नपाए रुचि हराउँछ बालक्रियाकलाप अभ्यासमा आधारित हुनुपर्छ । उनका अनुसार 3A (Acceptance, Achivement, Affection) को वातवारणबाट बालकलाई खुसी बनाएर रुचि बढाउन सकिन्छ । त्यस्तै फ्रेडरिक अगष्ट फ्रोवेल (१९८२-१८५३) का अनुसार शिक्षामा सामाजिकरणको आवश्यकतामा जोड दिएको पाइन्छ । यसै मान्यतामा उनले बालबगैंचा (Kindergarten) को परिकल्पना गरी बालबालिका रङ्गीविरङ्गीफुल र शिक्षक त्यसको माली मानिएको छ । जिन पियाजेको विचारमा ३-७ वर्ष भित्रमा बालबालिकामा संज्ञानात्मक विकासका अनन्त सम्भावनाहरु हुन्छन् । यी सम्भावना अनुरुप वातवारण दिन नसके उनीहरु जिवन भर घाटा भोग्दछन् ।

मन्टेश्वरी (१८७०-१९५२) का अनुसार शिक्षा जीवनका लागि साहायक बनाउने हो भने शिक्षाको प्रारम्भ जीवनको प्रारम्भबाटै हुनुपर्छ । उनकै शब्दमा विकास त बालकले स्वयं गरेको हुन्छ । अभिभावकले मुलत प्रतिक्षा गरेको हुन्छ । मन्टेश्वरीले ज्ञानेन्द्रिय (आँखा, नाक, कान, मुख, छाला, मांसपेशी) को तालिमलाईनै सिकाइ भन्दछीन् । उनका अनुसार लेखाइ यान्त्रिक कुरा हो जो पढाइ भन्दा पहिलेनै सिकाइ हुन्छ । उनले शिक्षण को सट्टा सिकाइ शब्दलाई महत्व दिन्छिन् (सापकोटाले उध्दृत गरेजस्तै, २०६०) ।

माथि उल्लेखीत भनाईहरुलाई विश्लेषण गर्दा बालविकास कार्यक्रम अन्तर्गत स्थापित वालविकास केन्द्र संचालनका लागि सरकारले आवश्यक नियम कानुन र अनुदान समेतको व्यवस्था र प्रबन्ध मिलाउन खोजेको पाइन्छ । त्यसैगरी पछिल्ला वर्षहरुमा राष्ट्रको कुल बजेटबाट करीब १७.१ प्रतिशत रकम (आ.व. २०६७/०६८) शिक्षाको क्षेत्रमा छुट्याएको

कारणबाट पनि शिक्षाको महत्वलाई प्राथमिकता दिएको पाइन्छ । तर बजेट व्यवस्था गर्नुमात्र ठूलो कुरा होइन हाल संचालित बालविकास केन्द्र र पछि थप हुने समेत वालविकास केन्द्रमा अध्ययन गर्ने कलिला बालवालिकाहरुले के कस्तो अनुभव हासिल गरेका छन् ? सिकाइको अन्त्यमा हासिल  हुनुपर्ने सिकाइ उपलब्धि हासिल भयो कि भएन ? समग्र बालविकास केन्द्रको शिक्षण सिकाइ पक्ष कस्तो छ ? सोको अध्ययन गरी प्रभावकारी उपायहरु सुजाउन र सम्बन्धित पक्ष र सरोकारवालाहरुको संलग्नताको स्थिती कस्तो छ ? यस्तै थुप्रै जिज्ञासाहरु मेटाउने उद्देश्यले बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियाको अध्ययन गर्न खोजिएको छ ।

वालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियाको सन्र्दभमा

क) शिक्षण सिकाइ क्रियाकलापको योजना गर्नुअघि केन्द्रका प्रत्येक बालबालिकाहरुको विकासात्मक आवश्यकता पत्ता लगाउनु पर्ने हुन्छ ।

ख) बाल विकास केन्द्रमा विभिन्न सिकाइ केन्द्र ⁄क्षेत्रहरु बनाउनु आवश्यक छ । यस्ता क्षेत्रले बालबालिाकहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा सिक्ने अवसर प्रदान गर्छ । व्यक्तिगत विभिन्नता लाई यस्ता क्षेत्रले सघाउँछ यसले बालबालिकाहका आफ्नो रुचिका क्षेत्रको विकास गर्न पनि मद्दत पुर्‍याउछ । यस्ता क्षेत्र बनाउँदा बालबालिकाहरुलाई आउने हेर्ने, काम गर्ने किसिमले बनाउनु पर्छ । यस्ता क्षेत्रले बालबालिकाहरुलाई अनुसन्धान गर्ने, खोजनिति गर्ने कुनै कुराको सृजना गर्ने सीप प्रदान गर्छ ।

ग) बालबालिकाहरुले आफूले गरेका कामहरमा आनन्द लिन सके भने उनीहरुले राम्रोसीत सिक्नेछन् ।

घ) बालविकास केन्द्रलाई बढी स्रोतसाधन युक्त तथा शिक्षण सिकाइ बातावरण युक्त बनाउनुपर्छ जसबाट बालबालिकाहरु केन्द्रमा आउन मन गरुन् ।

ङ) अभिभावक र समुदायका मुख्य व्यक्तिहरुलाई स्रोतव्यक्तिका रुपमा बालविकास केन्द्रमा आमन्त्रित गरेर बालविकासका लागि क्रियाकलाप निर्माण गर्न सकिन्छ ।

## १.२. समस्याको कथन

शिक्षा  प्राप्त गर्नु मानिसको जन्मसिद्ध अधिकार हो । प्राथमिक तहमा विद्यालय जाने उमेरका बालबालिकाहरु मध्ये ५.५ प्रतिशत (Educational Pages, 2011) वालवालिका अभ्कै पनि विद्यालय जानबाट बन्चित छन् । सन् २०१५ सम्म सबैका लागि शिक्षा (EFA, 1990) विश्वघोषणा पत्रमा उल्लेख छ । यस्तै EFA Action Plan 2000 (डकार) सम्मेलनले प्रा.वि. तह अनिवार्य गरी शतप्रतिशत बालबालिकाहरु स्कुल भर्ना गर्ने लक्ष्य राखेको छ । यसको लागि आधारभूत तथा प्राथमिक तहमा विद्यार्थी भर्नादर बढाउनु पर्ने देखिन्छ । यो एउटा मुख्य समस्या र चुनौतिको विषय हो । आज वालविकास केन्द्रबाटै औपचारिक शिक्षाको व्यवस्था गर्न आवश्यक राष्ट्रिय नीति तय हुन आवश्यक छ । वालविकास केन्द्रलाई शिक्षण सिकाइ युक्त बनाई सबै बालबालिका बालविकास केन्द्रमा रमाई रमाई पढ्न र सिक्न सक्ने वातावरण सिर्जना गर्नु सम्बन्धित सरोकारवाला सबैको चिन्ता र समस्याको विषय वन्नु पर्दछ ।

बालविकास केन्द्रमा आउने बालबालिकाहरु मध्ये पनि फरक फरक बौद्धिक क्षमता भएका र फरक फरक सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण बाट आएका थरी थरीका बाल बालिकाहरुलाई एकै ठाँउमा राखी सबैको लागि उपयुक्त हुने शिक्षण सिकाइ वातावरण सिर्जना गर्नु अत्यन्तै कठीन र जटिल कार्य हो । बालविकास केन्द्रमा यसको लागि सहयोग कार्यकर्तालाई सबै पक्षको सहयोगी अपरिहार्य हुन्छ ।

बालविकास केन्द्रमा संचलित शिक्षण सिकाइ पक्ष कस्तो होला ? प्र.अ.को भूमिका के हुने ? जि.शि.का. स्रोत केन्द्र जस्ता निकायहरुको सहयोग, अनुगमन, निरीक्षण प्रणाली कस्तो रहेको छ ? शिक्षक तथा सहयोगी कार्यकर्ताको भूमिका कस्तो छ ? स्वीकृत पाठ्यक्रम लागु भएको छ छैन ? बालबालिकाको सिकाइ उपलब्धिको मापन कसरी गरिन्छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक तलब, सुविधा के कस्तो छ ? बालबालिकाहरुलाई कसरी सिकाउने ? उनीहरुले कसरी सिक्छन् ? उनीहरुलाई शिक्षा दिनुको उद्देश्य के हो ? यी र यस्तै प्रश्नहरुको जिज्ञासा मेटाउन बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियालाई अध्ययनको समस्या कथनको रुपमा लिइएको छ ।

### १.३. अध्ययनको औचित्य

शिक्षाको क्षेत्रमा सिकाइको ज्यादै ठूलो र महत्वपूर्ण भूमिका रहेको हुन्छ  प्रत्येक व्यक्ति कुनै न कुनै प्रवृत्ति लिएर जन्मेको हुन्छ यी सम्पूर्ण नैसर्गिक प्रवृत्तिहरु (Instincts) जन्मदा पशुसरह हुन्छन् । ती प्रवृत्तिहरुलाई सुधार गर्दै, मलजल गर्दै, परिवर्तीत गदै, विकसित गर्नु गराउनु पर्दछ । यस प्रकारको प्रगति र सुधारको एकमात्र माध्यम वा साधनलाई सिकाइ भनिन्छ । वास्तवमा सिकाइका विभिन्न विधिहरु, तरिकाहरु, नियमहरु र प्रक्रियाहरु हुन्छन् । जसले व्यक्तिका नैसर्गिक प्रवृत्तिहरुलाई मार्गदर्शन गर्दै उपयुक्त व्यवहारमा परिवर्तन ल्याउन सहयोग पुऱ्याउँछ (शर्मा, २०६४) ।

बाल विकास केन्द्रको वर्तमान अवस्थालाई हेर्दा एकजना सहयोगी कार्यकर्तालाईनै बालविकास केन्द्रको पठनपाठनको जिम्मेवारी दिने व्यवस्था छ । सामान्य तालिमको भरमा न्यूनतम कक्षा ८ उत्तिर्ण शैक्षिक योग्यता हासिल गरेका सहयोगी कार्यकर्ताबाट शैक्षिक उद्देश्य हासिल गर्नु पक्कै पनि अपूर्ण जस्तो लाग्छ । यस्तो अवस्थामा वालविकास केन्द्रको शिक्षण सिकाइ कस्तो होला सहजै अनुमान गर्न सकिन्छ  । संयोगवस अनुसन्धानकर्ता एउटा वालविकास केन्द्रमा पुग्दा एउटा सानो बालक माथिल्लो कक्षामा पढ्ने आफ्नो दिदीसँगै बस्न जानको लागि जोड गरी रुदै गरेको र सहयोगी कार्यकर्ताले उसलाई ढोकामा चुकुल लगाएर जान रोक्दै गरेको दृश्यबाट अनुसन्धानकर्ता ज्यादै प्रभावित भई बालक प्रति अनुसन्धानकर्ताको मनमा दर्जनौ प्रश्न उब्जे किन त्यो बालक वालविकास केन्द्रको कक्षामा आफ्ना साथीहरु सँग सँगै बसेर  रमाई रमाई पढ्न चाहदैन ? के कारण उ आफ्नो दिदी तिर जान खोज्दैछ ? बालविकास केन्द्रको शिक्षण सिकाइमा के समस्या रहेछन् भन्ने सम्बन्धमा पूर्व अध्ययनको अधुरो पाटो पूरा गर्न स्थानीय रुपमा स्रोत केन्द्रलाई बालमनोविज्ञानमा आधारित तालिम व्यवस्थापन गर्न र जिल्ला शिक्षा कार्यालय तथा शिक्षा मन्त्रालयलाई बालबिकासका लागि उपयोगी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्न यो अध्ययनले सहयोग गर्नेछ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार राखिएको छ ।

क) बालविकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापहरु पहिचान गर्ने ।

ख) बालविकास केन्द्रमा शिक्षण सिकाइमा सरोकारवालाको संलग्नताको स्थिती लेखाजोखा गर्ने ।

ग) वालविकास केन्द्रमा शिक्षण सिकाइमा देखा परेका समस्याहरु पत्ता लगाउने ।

घ) वालविकास केन्द्रको शिक्षण सिकाइमा देखिएका समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५. अनुसन्धनात्मक प्रश्नहरु

यस अध्ययनका निर्धारित उद्देश्य पुरा गर्न निम्न अनुसारका अनुसन्धनात्मक प्रश्नहरु रहेका छन्

क) वालविकास केन्द्रको शिक्षण सिकाइको स्थिती कस्तो छ ?

ख) वालविकास केन्द्रको शिक्षण सिकाइमा प्रयोग भएका विधिहरु कुन् कुन् हुन् ?

ग) वालविकास केन्द्रको शिक्षण सिकाइमा के के सामाग्री प्रयोग भएका छन् ?

घ) सिकाइ सामग्रीहरुको प्रयोग वालवालिकाको विकासात्मक दृष्टिले कति अर्थपूर्ण छन् ?

ङ) वालविकास केन्द्रको शिक्षण सिकाइमा सहयोगी कार्यकर्ताको संलग्नता को स्थिती कस्तो छ ?

च) बालविकास केन्द्रमा शिक्षण सिकाइमा प्र.अ.को संलग्नता स्थिति कस्तो छ ?

छ) बालविकास केन्द्रमा शिक्षण सिकाई प्रक्रियामा वि.नि/स्रोतव्यक्तिको संलग्नता को स्थिति कस्तो छ ?

ज) बालविकास केन्द्रमा शिक्षण सिकाइ गर्दा देखिएका समस्याहरु के के हुन् ?

झ) वालविकास केन्द्रको शिक्षण सिकाइ गर्दा देखिएका समस्या सामाधानका उपायहरु के के हुन् ?

## १.६. अध्ययनको परिसीमा

वालविकास केन्द्रमा शिक्षण सिकाइ प्रक्रियामा विषय अध्ययनको उद्देश्य र क्षेत्र व्यापक छ । विज्ञान र प्रविधिको  प्रयोगबाट बालबालिकाको मनोविज्ञान र शिक्षण सिकाइको सम्बन्धमा दिनऔँ नयाँ नयाँ खोज अनुसन्धान जारि नै छ । विषयको व्यापकता र गम्भिरतालाई महसुस गर्दै स्रोत साधन, अर्थ र समयको अभावलाई समेत मध्यनजर राखिएको छ ।

क) यो अध्ययन जिल्ला शिक्षा कार्यालय चितवन, स्रोतकेन्द्र गीतानगर अन्तर्गत पर्ने ४ वटा विद्यालय र भरतपुर नगरपालिका अन्तर्गत पर्ने ४ वटा सामुदायिक विद्यालयमा संचालित वालविकास केन्द्रको शिक्षण सिकाइमा आधारित रही गरिएको छ ।

ख) यस अध्ययनमा सामुदायिक विद्यालयमा आधारित वालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया अर्न्तगत पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामाग्रीको प्रयोग प्रक्रिया, बालबिकास केन्द्रमा प्रयोग गरेका शिक्षण सिकाइ प्रक्रिया, सिकाइ उपलब्धी मापन प्रक्रिया, सिकाइको अनुगमन र निरिक्षण प्रक्रिया सम्बन्धि अध्ययन गरिएको छ ।

ग) अध्ययनका लागि छनौटमा भएका विद्यालयहरुको २०६८ को जेष्ठ ७ गते सम्मको विद्यार्थी संख्यालाई आधार मानी अध्ययन गरिएको छ ।

घ) यस अध्ययनको प्राथमिक स्रोत अवलोकन, अन्तवार्ता प्रश्नावलीलाई आधार मानिएको छ भने द्वितीय स्रोतको रुपमा जि.शि.का चितवन, स्रोत केन्द्र गितानगर र भरतपुर नगरपालिका, नगर स्तरीय श्रोतकेन्द्र साथै सम्बन्धित विद्यालयका अभिलेख र विभिन्न स्रोतबाट प्राप्त हुने अनुसन्धानात्मक प्रतिवेदन, लेखहरुका समसमायिक लेख रचना, पुस्तक पत्र पत्रिका र इमेल इन्टरनेट प्रयोगबाट प्राप्त तथ्यहरुलाई आधार मानिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

बालबालिकासँग प्रत्यक्ष रुपमा संलग्न रही विभिन्न संघ संस्था, बालमनोबैज्ञानिक शिक्षक, योजनाकार र शिक्षाविद्हरुले समय समयमा विभिन्न माध्यमबाट आफ्ना धारणा विचार तथा अध्ययन अनुसन्धान सम्बन्धि प्रतिवेदनहरु प्रकाशमा ल्याउने गरेको पाइन्छ । बालविकास सम्बन्धि साहित्यहरुले वालवालिकाहरुको आवश्यकता र उनीहरुको सिर्जनात्मक प्रतिभाको प्रस्फुटनका लागि उपयुक्त शिक्षण सिकाइ वातावरणमा जोड दिएका छन् । वालविकास केन्द्रको शिक्षण सिकाइ तथा बालमनोविज्ञान सम्बन्धमा प्रकाशित साहित्यको अध्ययनबाट अध्ययनकर्तालाई मार्ग निर्देशन प्राप्त हुने हुँदा यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकनका साथै अध्ययनको सैद्धान्तिक खाका र शैक्षिक उपादेयताको व्याख्या र विश्लेषण गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

पूर्व वाल्यअवस्थाका बालविकासका लागि प्राथमिक तहको आधारभूत तह कक्षा १ मा भर्ना हुनुभन्दा १ वर्ष पहिले वालविकास केन्द्रमा संचालित कक्षामा कम्तिमा १ वर्ष सम्म गरिने शिक्षण क्रियाकलाप कसरी गरिएको छ । साथै वालविकास केन्द्र संचालनाम देखा परेका समस्या तथा समाधानका उपायहरु सम्बन्धित खोजकार्य गर्ने क्रममा सम्बन्धित अध्ययनसँग मिल्दा जुल्दा ऐन-नियम पुस्तक, शोधपत्र, अनुसन्धान तथा पत्रपत्रिका विभिन्न मितिमा प्रकाशित लेख रचनाको पुनरावलोकन गरिएको छ । जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

शिक्षा ऐन २०२८ को दफा (२) का अनुसार ४-५ वर्ष उमेर समूहका वालवालिकाहरुलाई शिक्षा दिने कक्षा वा विद्यालयलाई वालविकास केन्द्र भन्निछ । यस्तै शिक्षा नियमावली (२०५९) को नियम १९२ खण्ड (ङ) ले दिइएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले “प्रारम्भिक वालविकास निर्देशिका (२०६१) जारी गरेको पाइन्छ नेपालको अन्तरिम संविधान २०६३ भाग ३ धारा २२ को उपधारा (२)मा वालवालिकाको हक सम्बन्धि उल्लखे गर्दै भनिएको

छ । "प्रत्येक बालवालिका लाई पालनपोषण आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने हक हुनेछ" भनि उल्लेख गरिएको छ (पाण्डेय, २०६७) ।

पौड्याल हरी, (२०६८) का अनुसार वालविकास केन्द्रको सिकाइ वातावरणमा विद्यालयमा कलिलो र उर्वर मस्तिष्क भएका बालवालिकाहरु अध्ययन गर्न आउँछन् । तसर्थ विद्यालयको सिकाइ वातावरण वालमैत्रीपूर्ण हुनुपर्दछ । यस्तो वातावरणको सिर्जनामा सबै पक्षको सहयोगको आवश्यकता पर्दछ । विद्यालयको भौतिक सम्पन्नता योग्य एवं दक्ष शिक्षकबाट मात्र वालमैत्रीपूर्ण सिकाइ सम्भव हुने भएकाले विद्यालयमा यस्तो अवस्था छ छैन । सबैले ध्यान पुऱ्याउनु पर्दछ ।

आचार्य लोचन, (२०६८) का अनसार  बालमनोविज्ञान कुनै सामान्य कुरा होइन बरु बालबालिकाको मनोविज्ञान नबुझि व्यवहार गर्ने हो भने भविष्यमा ठूलो समस्या आउन सक्ने उल्लेख छ । वालवालिका माथि गरिने व्यवहारले उनीहरुका हरेक विकासका पाटोलाई सघाउ पुऱ्याउनुपर्दछ । भविष्यका कर्णधार बालबालिकाको मनोविज्ञान बुझेर काम गर्ने हो भने मात्र देशको उज्यालो भविष्यको अपेक्षा गर्न सकिन्छ । बालवालिकाको मनस्थिती बुझेर मनोवैज्ञानिक हिसाबले बाल व्यवहार गर्नु अभिभावक शिक्षण संस्था र राज्य समेतको दायित्व हो ।

ओली लवराज (२०६८) का अनुसार नयाँ भर्ना भएका बालबालिकाहरुलाई पर्न सक्ने समस्याहरु तिर्खा तथा भोक लाग्ने, दिशा-पिसाब लाग्ने, डर लाग्ने, घरको आमाबाबुको याद आउने, काँहा बस्ने, निद्रा र को सँग बोल्ने ? काहाँ खेल्ने ? , को सँग बस्ने , समस्या कसलाई भन्ने, के गर्न हुने, के गर्न नहुने, कसले घर पुऱ्याइदिने, ठूलाले कुट्ने गाली गर्ने , बोलेको, भनेको नबुझ्ने, किताब बोक्न अप्ठ्यारो हुने । बालवालिकामा आउन सक्ने यस्ता समस्याहरु प्रति विद्यालय र अभिभावक सचेत भई पूर्व तयारी गर्नुपर्दछ । विद्यालयको बालबालिकालाई आकर्षित गर्न तथा माया गरेको महसुस गराउन पहिलो दिनमै विशेष ध्यान दिनुपर्छ ।

यो देशमा वालविकास केन्द्रको सम्पूर्ण क्षेत्रमा विस्तार भैसकेको छैन । अधिकांश बालबालिकाले वालविकास केन्द्रबाट विद्यालय जान पाएका छैनन् । उनीहरु कक्षा १ मा भर्ना हुँदा पहिलो पटक विद्यालय आउँदा नौलो अनुभव हुन्छ । आमाबाबुको काखबाट पहिलोपटक नचिनेको मानिसहरुसँग उनीहरुको कलिलो र कमजोर अवस्थाले सजिलै घुलमिल हुन सक्दैनन् । त्यस्तै

वालविकास केन्द्रमा आएकाहरु पनि विद्यालयका हरेक वस्तु तथा गतिविधिहरुप्रति पूर्णत अनविज्ञ नै हुन्छन् ।

बालविकास केन्द्रमा शिक्षण सिकाइ गर्दा बालमैत्री शिक्षण विधि अनुरुप बालबालिकालाई शिक्षण गर्नुपर्ने हुन्छ । पहिलो दिनदेखी किताब कापी, क, ख, ग, को प्रयोग गर्नुहुदैन । विद्यालयमा उपलब्ध बालसामग्री तथा स्थानीय रुपमा उपलब्ध हुने वा बनाउन सकिने सामग्रीहरुबाट उनीहरुको सिकाइ प्रक्रिया बढाउनु पर्दछ ।

सिकाइ क्रियाकलाप खेलसँग समायोजन गरिनु जरुरी हुन्छ । यस उमेरका बालबालिकाहरु खेल्न बढी रुचाउने हुँदा शिक्षक शिक्षिकाले मायालु वातावरणमा रमाइला खेलहरु खेलाउनु पर्दछ । खेलको माध्यमबाट  सिकाइको वातवरण सँगसँगै चित्र अवलोकन, गफ, छलफल, विद्यालय परिसर, भ्रमण, गीत नृत्य, प्रश्नोत्तर जस्ता माध्यमलाई बढी जोड दिनुपर्छ, केटाकेटीको बानी राम्रो बनाउन नमस्कार, विदा, सोधेर काम गर्ने, धन्यवाद दिने, मिलेर बस्ने खेल्ने तथा सबै सँगै बसेर खाने, लाइनमा बस्ने जस्ता आदतको अभ्याससमेत सामान्य रुपमा गराउदै लैजानु पर्दछ ।

सिहं नागेन्द्र, (२०६३) का अनुसार बालबालिकाहरुको २ वर्ष देखी ६ वर्ष सम्मको अवस्थालाई पूर्ववाल्यवस्था भनिन्छ । यस अवस्थामा बच्चाको व्यवहार, भावना, रुची तथा क्षमताहरुको ढाँचामा मुख्य परिवर्तनहरु देखा पर्दछन् । यसको कारण के हो भने बच्चाहरु घरेलु वातावरण छाडेर विद्यालयको नयाँ वातावरणमा प्रवेश गर्दा आउने परिवर्तन हो । यो अवस्था विद्यालय जाने उमेर पुग्ने अवस्था भएकोले यसलाई पूर्व विद्यालयको अवस्था पनि भनिन्छ ।

यस प्रकारले यो उमेर बालबालिकाको समूहमा खेल्न बढी मन पराउने उमेर हो । यस अवस्थामा अरुको नक्कल जस्ताको त्यस्तै गर्ने गर्दछन् । सामाजिक समायोजनका लागि धेरै कुराहरु बच्चाले यस अवस्थामा सिक्ने भएकोले यो अवस्था ज्यादै महत्वपूर्ण मानिएको छ भनि उल्लेख गरिएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) को धारा १ मा उल्लेख गरिए अनुसार प्रत्येक बालबालिकाहरु जन्मदा स्वतन्त्र जन्मछन् र उनीहरु प्रत्येकलाई उस्तै प्रकारले व्यवहार

गरिनुपर्दछ । उनीहरुमा विवेक र अन्तस्करण हुन्छ उनीहरुलाई बाल मैत्रीपूर्ण व्यवहार गर्नुपर्छ । त्यस्तै धारा २६ मा उल्लेख गरिएअनुसार सबैलाई विद्यालय जान पाउने अधिकार हुन्छ । प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ त्यसले तपाईलाई आफ्नो व्यक्तित्व विकास गर्न दिनुपर्छ (टिचिङ्ग ह्युमन राइट्स) ।

बराल प्रकाश (२०६८), का अनुसार बालबालिका तीन वर्ष उमेर पुगेपछि खेलको माध्यमबाट धेरै सिक्न सक्ने भएकाले प्रारम्भिक शिक्षाको लागि बाल विकास केन्द्र पठाउने सरकारी नीति रहेको र सो नीति अनुसार ८ वर्ष देखि देशभरी अहिलेसम्म जम्मा २६ हजार ७ सय ७३ केन्द्र संचालनमा आएका छन् । आगामी सन् २०१५ सम्म सबैलाई शिक्षा दिने सरकारी लक्ष्य अनुसार देशभर ५६ हजार बालविकास केन्द्र स्थापना गरिसक्ने योजना समेत सरकारले बनाएको छ । बालविकास केन्द्रमा बालबालिकालाई खेलेर, सामान्य पढाई, बालविकास बाल कविता प्रस्तुती, खेलौना सामग्री निमार्ण, गोलो घेरा बनाउने तरिका, सर्वोतम पिठोको आवश्यता, जीवनजल, स्वास्थ्य पोषण र शिष्टचार, स्वागत तथा विदाइका क्रियाकलाप सिकाउने गरिन्छ ।

शिक्षक तालिम कार्यक्रम प्रशिक्षक प्रशिक्षण निर्देशिका (२०६६) "सेभ द चिल्ड्रेन भन्ने पाठ्यसामग्रीमा बालअधिकार सम्बन्धि माहासन्धिद्वारा पारित प्रस्तावको भूमिकाको भाग १ देखी भाग ३ सम्म रहेका १ देखी ५४ वटा धाराहरुमा बाल अधिकारको महत्वलाई व्याख्या गर्दै भनिएको छ ।

क) संयुक्त राष्ट्रसंघले मानव अधिकारको विश्वयापी घोषणपत्र माध्यमबाट बाल्यवस्थालाई विशेष स्याहार र सहयोग प्रदान गर्नुपर्ने ।

ख) बालबालिकालाई समाजमा एउटा व्यक्तिगत जीवन बाँच्न पूर्ण रुपले समर्थ बनाउनुपर्ने र संयुक्त राष्ट्रसंघ को वडापत्रमा घोषित आदर्शहरु अनुरुप र खासगरी शान्ति सम्मति, सहिष्णुता, समानता र एकताको भावनामा नजिको लालनपालन गर्नुपर्ने ।

ग) सन् १९५९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघको माहासभाद्वारा पारित बालबालिकालाई उसको शारीरिक तथा मानसिक अपरिपक्कताको कारणले गर्दा विशेष हेरचाहा र स्याहारको आवश्यकता साथै उचित कानुनी संरक्षणको खाँचो जन्मनु अघि र जन्मेपछि पनि पर्छ भन्ने उल्लेख भएको कुरालाई हृदयंगम् गनुपर्ने ।

घ) बालबालिकाको संरक्षण र समाञ्जयपूर्ण विकासको लागि प्रत्येक राष्ट्रको परम्परागत साँस्कृतिक मुल्यहरुको महत्वलाई उचित ध्यान दिनुपर्ने भनि उल्लेख गरेको पाइन्छ ।

ज.ब.रा स्वयंम प्रकाश, (२०५६) का अनुसार बालबालिका को उपलब्धिलाई प्रोत्साहित गर्नुपर्दछ । उनीहरुमा उपलब्धिको लागि प्रेरणा उत्पन्न गराउनुपर्दछ । बालबालिकाको विकासको लागि शिक्षाका अवसरहरु उपलब्ध गराउनुपर्दछ । र प्रत्यक्ष अनुभवको आधारमा शिक्षण गर्नुपर्दछ । शिक्षणमा स्थल शैक्षिक सामग्रीको उपयोगले धारणा विकासमा सघाँउ पुऱ्याउँछ । सामाजिक विकासको लागि दौतरी समूहको निकै महत्व हुन्छ । तसर्थ बालबालिकालाई आफ्नो उमेर मिल्ने साथीहरुसँग खेल्ने अवसर प्रदान गर्नुपर्दछ ।

समाहित शिक्षा शाखा, (२०६२) अनुसार बालबालिकाहरुको सिकाइ अवधारणा, पुर्नसवलीकरण सिद्धान्त, पुनरावृत्तिको सिद्धान्त, पृष्ठपोषणको सिद्धान्त विविधिकरणको सिद्धान्त, शिक्षण विधिहरु, थेरापी सम्बन्धि जानकारीहरु र पूर्वव्यवसायिक सिपलाई प्रमुख विषयवस्तुका रुपमा समावेश गरिएको पाइयो । बालबालिकाहरुलाई उपयुक्त शिक्षण गर्नमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गरिएको पुस्तिकामा उल्लेख भए अनुसार "सिकाइ सम्बन्धी अवधारणा" शिर्षकको लेखमा सिकाइ के हो ? सिकाइका नियमहरु के के हुन् ? जस्ता प्रश्नमा केन्द्रित भई गरिएको अनुसन्धान अनुसार जन्मदै कसैले सिकेको हुदैन, तालिम र अनुभवले ल्याएको व्यवहारिक परिवर्तन सिकाइ हो । सिक्नका लागि आन्तरिक रुपमा तयारी हुनुपर्दछ, राम्रो सिकाइको लागि पटक पटक अभ्यास गर्नुपर्छ, सिकाइमा तिब्रता ल्याउनका लागि उत्प्रेरणा जगाउनु पर्दछ भन्ने निष्कर्ष निकालिएको पाइन्छ ।

यसरी बालविकास केन्द्र सम्बन्धि विभिन्न दृष्टिकोण र व्यवस्थाहरु गरिएको पाइन्छ । बालबालिकाको शारीरिक, बौद्धिक विकासका लागि गरिएको व्याख्या र लिइएको चासोले उनीहरको जीवनको जग बसाल्ने अवस्थाको रुपमा पूर्व वाल्यवस्थालाई लिइएको पाइन्छ । बालबालिकाको जीवनमा जग बसाल्ने जिम्मा बालविकास केन्द्र मार्फत विद्यालय र समूदायलाई सुम्पिएको छ । यो उमेरमा उनीहरुको मुल्य मान्यताको कुराहरु सामाजिक व्यवहार, भाषा र सोच्ने क्षमतामा तीब्र गतिमा विकास हुने गर्दछ । यस अध्ययन क्रममा नयाँ नयाँ अनुसन्धानमा भएका सन्दर्भ सामग्री, शिक्षा, मनोविज्ञान र शिक्षण सिकाइ सम्बन्धि प्रकाशित लेख, रचना,

अप्रकाशित सामग्री साथै इमेल, ईन्टरनेट समेतबाट साहित्य पुनरावलोकन गरी प्रस्तुत गरिएको छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनमा प्रसिद्ध व्यवहारवादी मनोवैज्ञानिक वि.एफ. स्किनरको (१९०४) कार्यवाहक सम्बन्ध सिकाइ सिद्धान्तलाई अध्ययनको आधार बनाइएको छ ।

स्किनर अमेरिकन व्यवहारवादी मनोवैज्ञानिक थिए । उनले प्रयोगशालाको नियन्त्रित वातावरणमा प्राणीहरु माथी थुप्रै थुप्रै प्रयोगहरु गरे । लामो समयसम्मको गहिरो अध्ययन पश्चात उनले व्यवहार सम्बन्धि निश्चित नियम बनाए । कार्यवाहक सम्बन्ध सिकाइको सिद्धान्त पुनर्बलमा आधारित उत्तेजना प्रतिक्रियाको व्यवहारवादी विचारको प्रचलित सिद्धान्त हो । सामान्यतया कुनै पनि प्राणीको आदत/बानी बलियो पार्न थप सहयोग पुऱ्याउने तत्वलाई पुनर्बल भनिन्छ । स्किनरका दृष्टिकोणमा प्राणीको व्यवहार प्रदर्शन गर्न व्यवहारको मात्रा वृद्धिको लागि र चाहेको व्यवहार निमार्णका लागि समेत पुनर्बलको आवश्यकता पर्दछ ।

यस सिद्धान्त अनुसार सिकाइमा दण्डको प्रयोगले व्यवहारलाई दबाएर राख्दछ र पुन : जागरण गराउन सक्दछ । तसर्थ बालविकास केन्द्रको शिक्षण सिकाइमा दण्डलाई पुर्णरुपमा अस्वीकार गर्न सकिन्छ । बालबालिकाहरुको सिकाइ प्रक्रियामा पुनर्बल प्रयोग गरी व्यवहार परिवर्तन गर्न सकिन्छ । विद्यार्थीको सही प्रतिक्रिया देखपछि तुरुन्त पुनर्वल प्रदान गर्नाले सिकाई प्रभावकारी हुन्छ । बालबालिकाहरुले विभिन्न खेल खेलेर, विभिन्न व्यक्तिहरुसँग सामाजिक सम्बन्ध गरेर गीत तथा संगीतमा मनोरञ्जन गरेर, विभिन्न पेशागत सिप आर्जनमा अभ्यस्त भएर सिकाइ सिकिराखेका हुन्छन् । यस्तो अवस्थामा उनीहरुलाई पुर्नबलको माध्यमबाट थप सिकाइको लागि प्रेरित गर्न सकिन्छ ।

मनोबैज्ञानिक स्किनर अनुसार निम्न कार्यका लागि सिकाइमा पुनर्वलको प्रयोग गरिन्छ ।

क) व्यवहारको निर्धारण :- व्यक्तिका नकारात्मक व्यवहारहरु हटाई सकारात्मक वा चाहेका व्यवहारहको निमार्णमा सहयोग पुऱ्याउनुलाई व्यवहारको निर्धारण भनिन्छ । यसरी बालबालिकामा  चाहेको व्यवहारको निर्धारण गर्न पुनर्वल प्रयोग गरिन्छ ।

ख) व्यक्तिगत विभिन्नता पहिल्याउनु :- कक्षाकोठामा विभिन्न प्रकृती स्वभाव र व्यवहारका विद्यार्थीहरु हुन्छन् । व्यक्तिमा  भएका यस्ता विविधताहरु पत्ता लगाई सही पुनर्वल प्रदान गर्दा सिकाइ प्रभावकारी हुन्छ ।

ग) योजनाबद्ध शिक्षणमा सहयोग :- शिक्षण सिकाई योजनाबद्ध रुपमा गर्न सक्नु शिक्षक सफल हुनु हो । उचित सिकाइ वातावरणको सिर्जना र योजनाबद्ध तथा प्रभावकारी शिक्षणमा पुनर्वलको आवश्यकता पर्दछ ।

घ) व्यवहारलाई सुदृण बनाउनु :- व्यक्तिको व्यवहारहरुलाई सुदृण बनाउन पुनर्बलको प्रयोग गरिन्छ ।

ङ) पृष्ठपोषणमा सहयोग गर्नु :- कक्षामा विद्यार्थीहरुले देखाएका नकरात्मक व्यवहारहरु वा सिकाइका कमजोर पक्षलाई सुधार गर्न अपनाइने उपायहरु पृष्ठपोषण प्रदान गरेको भनिन्छ ।

च) धारणा विकासमा सहयोगी : सिकाइ प्रभावकारी हुनु व्यक्तिमा राम्रो धारणा विकास हुनुपर्दछ पुनर्वलले अर्थपूर्ण सिकाइमा राम्रो धारणाको विकास गराउन सहयोग गर्दछ ।

छ) व्यक्तित्व विकासमा सहयोग :- सिकाइ राम्रो वा प्रभावकारी हुनु भनेको व्यक्ति शिक्षित र गुणवान बन्नु हो । यसरी बालबालिकाको व्यक्तित्व विकास गरी सर्वाङ्गिण विकासमा पुर्नबलले सहयोग पुऱ्याउँछ ।

यस अध्ययनमा केही मनोवैज्ञानिकहरुका सिकाइ सम्बन्धि चिन्तनहरुलाई पनि आधार बनाई तथ्याङ्क विश्लेषण गरिएको छ । प्रकृतिवादी बैज्ञानिक रुसो, (१७१२-१७७८) का अनुसार  "प्रत्यक्ष अनुभव बाट आएको सिकाइ स्वतन्त्र एवम् प्राकृति वातावरणबाट प्राप्त व्यवहार नै उत्तम हुन्छ" (शर्मा, २०५७) । त्यस्तै मन्टेश्वरीका अनुसार "ज्ञानेन्द्रियको तालिमनै सिकाइ हो" । उनका अनुसार शिक्षण सिकाइमा शैक्षिक सामग्रीको रुपमा मानव शरीरमा भएका ज्ञानेन्द्रियहरु जस्तै आँखाले देखेर, छालाले स्पर्श गरेर, नाकले वस्तुको गन्ध सुँघेर, कानले सुनेर, जिब्रोले कुनै वस्तु चाखेर सिकाइ हुन्छ । मनोवैज्ञानिक हर्लकका अनुसार "तत्परता, परिपक्वता र रुची  अनुकुलको

सिकाइको आधारमा अर्न्तनिहित क्षमताको विकास हुन्छ (शर्मा, २०६४) । त्यसैले यस अध्ययनमा बालबालिकाहरुका लागि शिक्षण सिकाइ विधि तथा पद्धतिहरु शिक्षण सिकाइमा देखिएका समस्याहरु  र समस्या समाधानका उपायहरुलाई प्रष्टाउने प्रयास गरिएको छ ।

## २.३. शैक्षिक उपादेयता

बालविकास केन्द्रमा थुप्रै समस्याहरु छन् यस कुरालाई दृष्टिगत गरी सम्बन्धित साहित्यहरुको पुनरावलोकनको अध्ययनबाट बालविकासको क्षेत्रमा आज सम्म भए गरेको प्रयासहरुको सम्बन्धमा महत्वपूर्ण जानकारी हासिल गर्न सहयोग पुगेको छ । अहिले सम्म यस विषयमा खोज तथा अनुसन्धानले अध्ययनको सैद्वान्तिक खाका निर्माण गर्न, अनुसन्धान ढाँचाको छनौट गर्न, तथ्याङ्क संकलनका साधनहरुको निर्माण गर्न, सिद्वान्तको चयन गर्न र अध्ययनलाई निश्चित दिशामा अगाडि बढाउन सहयोग पुऱ्याएको कुरालाई साहित्य पुनरावलोकनको शैक्षिक उपादेयतालको रुपमा लिइएको छ

# परिच्छेद तीन
# अध्ययन विधि

अध्ययन कार्यलाई व्यवस्थित गरी लक्षित उद्देश्य हासिल गर्नको लागि अध्ययन विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विषयवस्तुको सान्दर्भिकतासँग मेल खानेगरी उपयुक्त खालको अध्ययन विधिको छनौट गर्न सकेमा मात्र अध्ययनले पूर्णता प्राप्त गर्न सक्छ । बालविकास केन्द्रको शिक्षण सिकाइ सम्बन्धि अध्ययनमा उपयुक्त अध्ययन विधिको छनौट गरी व्याख्या र विश्लेषण गर्ने कार्य यस परिच्छेदमा गरिएको छ ।

## ३.१. अनुसन्धानको ढाँचा

निर्धारित उद्देश्य प्राप्तिका लागि प्राप्त तथ्याङ्कहरुलाई तथ्य र व्यख्या विश्लेषणका लागि प्रयोग गरिने तरिका अनुसन्धान ढाँचा हो । कुनै पनि अनुसन्धान कार्यको उद्देश्य भइरहेको तथ्य र तथ्याङ्कहरुको विश्लेषण गर्दै उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी नयाँ कुरा पत्ता लगाउनु हो । यसका लागि आवश्यक योजना, कार्यक्रम र रणनितीको आवश्यकता पर्दछ । पूर्व योजना र तयारी विना गरिने अनुसन्धानबाट निश्चित लक्ष्य हासिल हुन सक्दैन । यो अनुसन्धान वर्णनात्मक प्रकृतिको छ । यो अध्ययन वर्णनात्मक हुनुमा अध्ययनको क्रममा उपलब्ध हुने तथ्याङ्कको विश्लेषण भन्दा पनि तथ्यहरुलाई बढी जोड दिएको छ । यस अध्ययनमा वर्णनात्मक पक्षलाई जोड दिई अध्ययनलाई सरलीकरण र सहजीकरण गर्नको लागि गुणात्मक अनुसन्धानात्मक ढाँचा अपनाइएको छ ।

## ३.२. जनसंख्या र नमूना छनौट प्रक्रिया

जिल्ला शिक्षा कार्यालय चितवन अन्तर्गत पर्ने गीतानगर स्रोतकेन्द्र भित्रका ४ वटा र भरतपुर नगरपालिका अन्तर्गत ४ वटा गरी जम्मा ८ वटा सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रका वि.व्य.स., प्र.अ., सहयोगी कार्यकर्ता, स्रोत व्यक्ति/ वि.नि. र अभिभावकहरुलाई जनसङ्ख्या नमूना छनौटको रुपमा लिइएको छ । आर्थिक अभाव, मानवीय संसाधनको अभाव, समयको अभाव आदि कारणले अध्ययनको ठूलो क्षेत्र ओगट्न सम्भव

नभएकोले सिमित स्रोत साधनलाई मध्यनजर राख्दै निम्न बमोजिम उत्तरदातालाई अध्ययनको नमूनाको रुपमा प्रयोग गरिएको छ ।

यस अध्ययन अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयका वि.व्य.स ८ जना, प्र.अ. ८ जना, सहयोगी कार्यकर्ता ८ जना, अभिभावक ८ जना र सम्बन्धित क्षेत्रको वि.नि. २ जना गरी जम्मा ३४ जनालाई अध्ययनको नमूनाको रुपमा लिएको छ । छनौटमा परेका विद्यालयहरुको विवरण अनसूची १ मा देखाइएको छ ।

### ३.३. अध्ययन साधनको निर्माण

यस अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलनका लागि निम्न अुनसारका तथ्याङ्कका साधानहरुको प्रयोगमा ल्याइएको छ ।

#### क) अन्तवार्ता प्रश्नावली

बालविकास केन्द्रको शिक्षण सिकाइमा अभिभावकको संग्लनता र व्यवस्थापकिय भूमिका कस्तो छ भन्ने उद्देश्य पूरा गर्न सम्बन्धित क्षेत्रका बालबिकास केन्द्रका अभिभावकसँग अनुसूचि (२) अनुसार अर्न्तवार्ता प्रश्नावली लिइनेछ । त्यस्तै पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षण विधि सामग्री प्रयोग, सिकाइप्रति उत्प्रेरित गर्ने र समग्र बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियाको बारेमा अनुसूचि (३) अनुसार सहयोगी कार्यकर्ताको लागि अन्तवार्ता प्रश्नावली र सहयोगी कार्यक्रता छनौट, व्यवस्थापन पक्ष, निरीक्षण अनुगमनको अवस्था र निति निर्माण तहबाट बालविकास केन्द्रको शिक्षण सिकाइमा पुगेको योगदानको जानकारी लिने उद्देश्य प्राप्तीका लागि प्र.अ., वि.व्य.स र वि.नि सँग अनुसूचि (४) अनुसार अर्न्तवार्ता प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

#### ख) अवलोकन फारम

शिक्षण सिकाइ स्थिति अवलोकन गर्ने उद्देश्यले यस अध्ययनमा कक्षा अवलोकन फाराम अनुसूचि (५) अनुसार शिक्षण विधिको प्रयोग, शिक्षण सिकाइ स्थिति, सामग्री प्रयोग र भण्डारणको अवस्था, पाठ्यक्रम, निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था आदिका बारेमा अवलोकन फारम भराइएको छ । त्यस्तै सहयोगी कार्यकर्ता विवरण सम्बन्धमा अनुसूचि (६) र दैनिक कार्यतालिका अनुसूचि (४) अनुसार रहेको पाइयो ।

### ३.४. तथ्याङ्क संकलनका स्रोतहरु

#### क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अर्न्तगत तथ्याङ्क संकलनका लागि  लिखित अर्न्तवार्ता प्रश्नावली तयार गरी शोधकर्ताले छनौटमा परेका विद्यालयका बालविकास केन्द्रमा स्वयं उपस्थित भई अर्न्तवार्ता प्रश्नावलीको अनुसूची (२),(३) र (४) का आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

#### ख) द्धितिय स्रोत

द्धितिय स्रोत अन्तर्गत अनुसन्धान सम्बन्धित विद्यालयका अभिलेखहरु, पत्रपत्रिकाहरु, दैनिक शिक्षण कार्यतालिका, अप्रकाशित शोधपत्रहरु एवं सम्बन्धित प्रतिवेदनहरुलाई आधार लिइएको छ ।

### ३.५. तथ्याङ्क संकलन विधि

प्राथमिक सूचना संकलनका लागि बालविकास केन्द्र संचालनमा रहेका विद्यालयमा अनुसन्धानकर्ता स्वयं पुगी अवलोकन फारम अनुसूची (५) प्रयोग गरेर शिक्षण सिकाइको स्थिति, खेलकुद तथा शिक्षण सिकाइ स्थिति, शिक्षण विधि, पाठ्यक्रम, पाठ्यपुस्तक, निर्देशिकाको प्रयोगको अवस्था अवलोकन गरिएको छ । त्यस्तै अनुसूचि (७) अनुसार दैनिक कक्षा शिक्षण भए नभएको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ ।

अनुसूची (१) अनुसार छनौटमा परेका विद्यालयमा सञ्चालित बालविकास केन्द्रका  वि.व्य.स., प्र.अ., सहयोगी कार्यकर्ता, अभिभावक विद्यालय निरीक्षक र स्रोतव्यक्तिलाई अर्न्तवार्ता छलफल र प्रश्नावलीको आधारमा प्राथमिक सूचना संकलन गरिएको छ । द्धितिय सूचना संकलनका लागि विद्यालयका अभिलेख र विभिन्न लेखहरु पत्र पत्रिका इमेल इन्टरनेटबाट संकलन गरिएको छ ।

## ३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको क्रममा प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुलाई आवश्यक रुपमा प्रशोधन वा छनौट गरी तथ्याङ्कलाई स्पष्ट, पूर्ण र व्यवस्थित बनाइएको छ । अध्ययनका लागि संकलन गरिएका तथ्याङ्क संकलन गर्न प्रयोग गरिएको अनुसन्धानात्मक साधन र प्राप्त तथ्याङ्कको स्वरुपको आधारमा तथ्याङ्कहरुलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा शोध अध्ययनको उद्देश्य र सिमालाई समेत ख्याल गरी सकेसम्म सन्तुलीत बनाइएको छ । उपलब्ध तथ्याङ्कहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित यस शोध अध्ययन जिल्ला शिक्षा कार्यालय चितवन, गीतानगर स्रोतकेन्द्र अन्तर्गतका ४ वटा सामुदायिक विद्यालय र भरतपुर नगरपालिका अन्तर्गत नगरस्तरीय स्रोतकेन्द्र भित्रका ४ वटा गरी जम्मा ८ वटा सामुदायिक विद्यालयमा संचालित बालविकास केन्द्रमा मूख्य सरोकारवालासँग प्रत्यक्ष भेटघाट अन्तरवार्ता प्रश्नावली तथा अवलोकन फारमबाट प्राप्त सुचना तथा तथ्याङ्कहरुलाई उद्देश्य प्राप्तिका लागि निम्न शिर्षकहरुमा व्यख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१. बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप

नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षालाई नागरीकको मौलिकहकका रुपमा स्थापित गरेको छ । सबै बालबालिकाहरुमा शिक्षाको पहूँच सुनिश्चित गर्नका लागि नेपाल सरकारले राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा आफ्नो स्पष्ट प्रतिबद्धता व्यक्त गर्दै सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००९-२०१५) बनाई कार्यन्वनमा जुटेको छ । यसैको फस्वरुप आज मूलुकमा ९५.५ प्रतिशत बालबालिका विद्यालयमा भर्ना भएको तथ्य सार्वजनिक भएको छ ।

यसरी विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउन र भर्ना भएका सबै बालबालिकाहरुलाई विद्यालयमा गुणस्तरीय शिक्षामा सहज पहुँच स्थापना गर्न बालविकास केन्द्रलाई विद्यालय तहको संरचना भित्र राखी बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलपाको वर्तमान स्थितिको सहि पहिचान गरी आवश्यक सुधार गर्दै लैजानु आजको पहिलो आवश्यकता बन्न पुगेको छ (सबैका लागि शिक्षा राष्ट्रिय कार्यक्रम, विद्यालय स्वागत एवं भर्ना अभियान कार्यक्रम २०६८) ।

यस अध्ययन छनौटमा परेका विद्यालयहरुमा संचालित बालविकास केन्द्रको शिक्षण सिकाइ क्रियाकलाप निम्न अनुसार उपशिर्षकहरुमा रहेर अध्ययन गरिएको छ ।

### ४.१.१. सहयोगी कार्यकर्ताको छनौट प्रक्रिया

बालविकास केन्द्रमा बालबालिकाहरुलाई शिक्षण गर्न कम्तिमा एकजना सहयोगी कार्यकर्ताको नियुक्ति गरिन्छ । सहयोगी कार्यकर्ताको नियुक्ति सम्बन्धमा प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धि निर्देशका २०६१ को परिच्छेद (६) को नियम (३०) मा उल्लेख गरे अनुसार नेपाल सरकार शिक्षा मन्त्रालय मार्फत प्रत्येक जिल्लालाई प्राप्त बालविका कोटा मध्ये विद्यालय मार्फत संचालन गरिने कोटाका लागि स्थानीय आवश्यकतालाई महसूस गरी प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को अनुसूचि (१) बमोजिम प्रारम्भिक बालविकास केन्द्र संचालनका लागि फारम भरी प्राप्त भएका निवेदनका आधारमा सम्बन्धित विद्यालयलाई कोटा उपलब्ध गराईन्छ । यसरी प्राप्त कोटामा सम्बन्धित विद्यालयका बालविकास केन्द्र व्यवस्थापन समितिले कक्षा ८ उत्तीर्ण गरेका स्थानीय उम्मेदवारलाई देहाय बमोजिमको प्रक्रिया पूरा गर्नुपर्ने प्राबधान राखेको छ ।

सहयोगी कार्यकर्ताको नियुक्ति सम्बनधमा प्रारम्भिक बालविकास कार्यक्रम संचालन सम्बन्धि निर्देशिका २०६१ को परिच्छेद ६ को नियम ३० मा यसरी उल्लेख गरेको पाइन्छ । सहयोगी कार्यकर्ताको नियुक्ति सम्बन्ध बालविकास केन्द्र व्यवस्थापन समितिले कम्तिमा कक्षा ८ उतीर्ण गरेको स्थानीय उम्मेदवारलाई देहायबमोजिमको प्रक्रिया पूरा गर्नु पर्ने प्रावधान राखेको छ ।

क) नियुक्ति गर्नु अघि १५ दिनको सूचना प्रकाशित गरी इच्छुक उम्मेदवारबाट निवेदन आह्वान गर्ने ।

ख) निर्देशिकाको ३०(१) बमोजिम सूचना प्रकाशित गर्दा उम्मेदवारको लागि चाहिने शैक्षिक योग्यता सेवाशर्त र सुविधा समेत उल्लेख गर्ने ।

ग) कम्तिमा ३ जना व्यक्ति रहेको सहयोगी कार्यकर्ता छनौट समिति गठन गरी सोको सिफारिसमा सहयोगी कार्यकर्ता नियुक्ति गर्ने ।

घ) स्थानीय महिलालाई प्राथमिकता दिने ।

ङ) कम्तिमा १ वर्ष शिक्षण कार्य गर्ने कबुलियत गराई नियुक्ति दिने ।

सहयोगी कार्यकर्ता छनौटका उल्लेखीत प्राबधानहरु रहे पनि सहयोगी कार्यकर्ता छनौट गर्दा यदाकदा राजनैतिक पार्टीको दबाब समेत आउने गरेको शहिद स्मृति मा.वि.का. प्र.अ.को प्रतिक्रिया रहेको पाइयो त्यस्तै गौरीगंज मा.वि. र प्रेमवस्ती उ.मा.वि.मा उल्लेखीत प्रावधान अनुरुपनै सहयोगी कार्यकर्ता छनौट गर्दा कतै बाट कसैको दबाब नआएको प्रतिक्रिया पाइयो ।

बालविकास केन्द्रको सहयोगी कार्यकर्ताको लागि न्यूनतम शैक्षिक योग्यता कक्षा ८ उर्त्तीण हुनुपर्ने प्रावधान रहेपनि अध्ययन छनौटमा परेका बालविकास केन्द्रमा एस्.एल्.सी. भन्दा कम शैक्षिक योग्यता भएका सहयोगी कार्यकर्ताहरु रहेको पाइएन बरु बालविकास केन्द्रमा वि.एड. सम्मको शैक्षिक योग्यता भएका स्थानीय विवाहित । अविवाहित महिलाहरु नियुक्ति भएको पाइयो ।

यस अध्ययन छनौटमा परेका सबै बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले ७ दिनको बालविकास सम्बन्धि तालिम लिइएको पाइयो । कम्तिमा ३ वर्ष देखि बढिमा १५ वर्ष सम्मको शिक्षण अनुभव भएका अनुभवी सहयोगी कार्यकर्ताबाट बालविकास केन्द्रको शिक्षण प्रक्रिया संचालन हुँदै आइरहेको पाइयो । यसै सम्बन्धमा सामुदायिक विद्यालयमा साधन श्रोतको अभाव र वालविकास केन्द्रप्रति सबै पक्षको उदासिनताको कारण सहयोगी कार्यकर्ताले प्राप्त गरेका तालिम तथा अनुभवहरुलाई पूर्णरुपमा उपयोग गर्न नसकिएको भन्ने प्रतिक्रिया पाइयो ।

बालविकास केन्द्रमा शिक्षण गर्नुहुने सहयोगी कार्यकर्ताको पारिश्रमिक स्थिति हेर्दा नेपाल सरकारबाट प्राप्त रु.१८००।- मा रु.२००।- देखि रु.३२००।- सम्म पारिश्रमिक थप गरी सहयोगी कार्यकर्ताको पारिश्रमिकको व्यवस्था गरिएको पाइयो । रा.प्रा.वि. उज्जवलनगर र सहिद स्मृति मा.वि. सहयोगी कार्यकर्ताले बालविकास केन्द्रको अलवा कक्षा ४ र ५ मा समेत शिक्षण गर्नुभएको पाइयो । यसरी सहयोगी कार्यकर्ताहरुले माथिल्लो कक्षामा समेत अध्यापन गर्ने गरेको पाइयो । सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता तालिम अनुभव काम गर्ने समय र पारिश्रमिक सम्बन्धि अनुसूची (६) अनुसार रहेको पाइयो ।

शिक्षण सिकाइ प्रक्रिया भन्नाले विद्यार्थी र शिक्षक बीच हुने अन्तरक्रियात्मक प्रस्तुती हो । बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा सहयोगी कार्यकर्ता र विद्यार्थी संख्याको स्थिति के कस्तो छ ? सम्बन्धित बालविकास केन्द्रको प्रत्यक्ष अवालोकन गरी विद्यालयको भर्ना अभिलेख बाट २०६८ जेष्ठ ७ गते सम्म बालकिास केन्द्रमा भर्ना भएका विद्यार्थी अनुपातले शिक्षण सिकाइमा पारेको प्रभाव अध्ययन गरिएको छ ।

यस अध्ययनमा सहयोगी कार्यकर्ता र विद्यार्थी संख्याको अनुपात सम्बन्धमा ३० जना भन्दा कम विद्यार्थी संख्या हुँदा १ जना सहयोगीकार्यकर्ताको नियुक्ति गर्ने व्यवस्था रहेपनि ३० जना भन्दा बढी विद्यार्थी संख्या भएका बालविकास केन्द्रमा समेत १ जना सहयोगी कार्यकर्तालेनै शिक्षण कार्य गर्दै आएको पाइयो ।

अनुसूची (८) अनुसार सहिद स्मृति मा.वि. १ : १३ को सहयोगी कार्यकर्ता र विद्यार्थी संख्या अनुपात रहेको पाइयो । त्यस्तै देवज्योती नि.मा.वि. १ : ८, मा.वि. इन्द्रपुरी १ : १३, रा.प्रा.वि उज्वलनगर १ : १५ मा.वि. गौरीगंज १ : १९, प्रेमवस्ती उ.मा.वि. १ : ३३, शरदपुर उ.मा.वि. १ : २६ र राष्ट्रिय मा.वि. कृष्णपुर १ : १६ को अनुपातमा सहयोगी कार्यकर्ता र विद्यार्थी संख्या अनुपात देखियो । यसरी हेर्दा यस अध्ययनमा विद्यार्थी संख्या र सहयोगी कार्यकर्ताको अनुपात विद्यालय अनुसार फरक फरक रहेको पाइयो । सबैभन्दा कम अनुपात श्री देवज्योती नि.मा.वि देवनगरमा १ जना सहयोगी कार्यकर्ता बराबर ८ जना विद्यार्थी रहेको पाइयो भने श्री प्रेमवस्ती उ.मा.वि.मा. १ जना सहयोगी कार्यकर्ता बराबर ३३ जना विद्यार्थी रहेको पाइयो ।

शरदपुर उ.मा.वि.का सहयोगी कार्यकर्ताका अनुसार सहयोगी कार्यकर्ता र विद्यार्थी अनुपात निश्चित नहुनाले यसले कक्षा व्यवस्थापन र शिक्षण सिकाइमा समेत प्रभाव पारेको बताउनु हुन्छ । यसरी नै देवज्योति नि.मा.वि. का प्र.अ. अनुसार विद्यार्थी संख्या र सहयोगीकार्यकर्ता अनुपात नमिल्दा वि.व्य.स.ले सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गर्न समेत गाह्रो मानेको प्रतिक्रिया पाइयो ।

यसरीनै प्रेमवस्ती उ.मा.वि.मा ३३ जना विद्यार्थी हुँदा समेत १ जना सहयोगीकार्यकर्ताले बालविकासकेन्द्रको शिक्षण सिकाइ कार्य गर्दै आउनु भएकोमा शिक्षण कार्य गर्न कठिनाई भएको

बताउनु हुन्छ । विविधतायुक्त बालविकास केन्द्रमा एक जना स.का. ले मात्र कक्षा व्यवस्थापन गर्न र शिक्षण गर्न अवश्यनै कठिनाई छ । यस विषयमा विद्यालयका सहायक प्र.अ. सँग प्रश्न राख्दा बालविकास केन्द्रमा छिट्टैनै थप १ जना सहयोगी कार्यकर्ता नियुक्ति गर्ने कुरा बताउनु भयो । एक जना मात्र स.का. भएका केन्द्रहरुमा स.का. विदामा बसेको बेला वा अनुपस्थिीति रहेको अवस्थामा बालविकास केन्द्रलाई छुट्टि दिने गरिदो रहेछ । केहि केन्द्रहरुमा भने बालविकास केन्द्रका विद्यार्थीहरुलाई एक कक्षाका विद्यार्थीहरुसँगै राखेर शिक्षण गराइदो रहेछ । कुनै विद्यालयमा त खालि पिरियड हुने शिक्षक शिक्षिकाहरुबाट बालविकास केन्द्रको शिक्षण सिकाइको कार्य भएको पाइयो । यस्तो अवस्थामा एक जना सहयोगी कार्यकर्ता बाट कक्षा संचालन भएका बालविकास केन्द्रको शिक्षण सिकाइको स्थितिलाई सहजै अनुमान गर्न सकिन्छ ।

सहयोगी कार्यकर्ता र विद्यार्थी संख्या बीच फरक फरक अनुपात रहँदा यसले शिक्षण सिकाइमा पनि सोही अनुरुप प्रभाव पार्ने प्रतिक्रिया पाइयो । एक बालविकास केन्द्रमा कम्तिमा पनि दुई जना सहयोगी कार्यकर्ताको व्यवस्था गरिदा एक जना सहयोगी कार्यकर्ताको अनुपस्थिीतिमा समेत बालविकास केन्द्रको शिक्षण सिकाइ नियमित संचालन गर्न सकिने कुरा बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताको प्रतिक्रिया रहेको पाइयो ।

### ४.१.२. शिक्षण सामग्रीको निर्माण, प्रयोग र भण्डारण प्रक्रिया

शिक्षण सिकाइ प्रक्रियामा सामग्री सहितको शिक्षण सिकाइ अत्यन्त सफल र प्रभावकारी मानिन्छ । कन्फसियसका अनुसार “हजार शब्दले बोलेर बुझिने कुरा एउटै चित्रबाट छर्लङ्ग हुन्छ”, त्यस्तै केमोनिसका अनुसार “तस्बिर भएका पुस्तकहरु प्रयोग गरेमा शिक्षण प्रभावकारी हुन्छ” (काफ्ले २०६१) ।

बालविकास केन्द्रको शिक्षण सिकाइमा पनि सामग्री प्रयोगको अत्यन्तै ठूलो महत्व रहेको हुन्छ । कलिला बालबाविकाहरुलाई शिक्षण सामग्रीको प्रयोग गरि शिक्षण गर्दा उनिहरुको सिकाइ दरिलो हुन जान्छ । फलस्वरूप लामो समय सम्म पनि सिकेका कुरा सम्झिराख्न मद्दत गर्दछ ।

अध्ययनको निर्धारीत उद्देश्य प्राप्तिका लागि बालबिकास केन्द्रमा शिक्षण सिकाइ सामग्रीको निर्माण र प्रयोगको अवस्थालाई अवलोकन गर्दा अध्ययन छनौटमा परेका सबै बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा शैक्षिक सामग्री प्रयोगलाई जोड दिएको पाइयो । अवलोकन गरिएका बालबिकास केन्द्रमा कुनै न कुनै प्रकारको शिक्षण सामग्रीको प्रयोग गरेको पाइयो । सबै बालविकास केन्द्रमा बालबालिकाहरुको सामाजिक सिप विकासका लागि खेल खेलाईने गरेको पाइयो । विभिन्न प्रकारका खेल सामग्रीको साथै काठ तथा प्लाष्टिकका खेलौनाहरुको भण्डारण गरेको पाइयो ।

दैनिक प्रयोगका शिक्षण सिकाइ सामग्रीको साथै भाषिक विकासका लागि शब्दपत्तिहरु, सचित्र पुस्तकहरु, सामाजिक एवम् सिप विकासका लागि काठ र प्लाष्टिकबाट निर्माण भएका विभिन्न खेलौना, ज्यामितीय आकृतिहरु, कपडाका पुतली, कागजबाट बनेका विभिन्न चित्रहरु शिक्षण सामग्रीको रुपमा प्रयोग गरेको पाइयो ।

बालबालिकाहरु संगित र खेल प्रति ज्यादै नै आकर्षित हुने गरेको पाइयो । केहि बालबिकास केन्द्रमा  श्रव्य सामग्रीको प्रयोग भएको पाइयो । २५ प्रतिशत बालविकास केन्द्रमा श्रव्य सामग्रीको प्रयोग र भण्डाराण भएको पाइयो भने शतप्रतिशत केन्द्रमा श्रव्यदृश्य सामग्रीको प्रयोग र भण्डारण नभएको पाइयो । यस सम्बन्धमा सम्बन्धित बालविकास केन्द्रका सरोकारवालासँग जिज्ञासा राख्दा श्रव्य दृश्य सामग्री महँगो हुनुका साथै प्रयोग गर्न समेत कठिन हुने हुँदा प्रयोग नगरिएको प्रतित्रिया पाइयो यस सम्बन्धमा  इन्द्रपुरी मा.वि.का सहयोगी कार्यकर्ता विनिता दाहालका अनुसार श्रव्य दृश्य सामग्री महँगो मात्र नभई प्राविधिक रुपले प्रयोग गर्न समेत कठिन भएको बताउनु भयो

कक्षा कोठाको वातावरण अनुपयुक्त र निरस भयो भने सिकाइ उपलब्धि हासिल गर्न कठिन हुन्छ । त्यसैले बालबिकास कक्षाको शिक्षण सिकाइ गर्दा बालबालिकाले मनोरञ्जनात्मक तरिकाबाट सिक्न सकुन भन्ने अभिप्रायबाट $12\frac{1}{2}$ प्रतिशत बालबिकास केन्द्रका कक्षाकोठाका भित्ताहरुमा विभिन्न जनावर, फलफुल र मानिसका विभिन्न अंङ्गहरुलाई सचित्र नामाकरण गरेको पाइयो । त्यस्तै २५ प्रतिशत बालविकास केन्द्रका कक्षाकोठाका भित्ताहरु क,ख, ग, घ, A, B, C, D 1, 2, 3, 4 १,२, ३, ४, अ, आ, इ, इ .........आदि बालबालिकाले सजिलोसँग लेख्न र पढ्न

सक्ने गरी भित्ताहरुमा लेखिएको पाइयो । कक्षाकोठाको सजावटको दृष्टिले प्रेमवस्ती उ.मा.वि.को कक्षाकोठा सजावट र शैक्षिक सामग्री भण्डारणको अवस्था अत्यन्तै राम्रो लाग्यो तर पनि विद्यार्थी संख्याको तुलनामा कक्षाकोठाको आकार सानो देखिन्छ ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा खेलकुद तथा शैक्षिक सामग्री निर्माण र भण्डारणको अवस्थालाई हेर्दा अनुसूची (५) अनुसार $62\frac{1}{2}$ प्रतिशत मध्यम, २५ प्रतिशत सामान्य र $12\frac{1}{2}$ प्रतिशत बालविकास केन्द्रमा कमजोर स्थिती रहेको पाइयो । यस्तै शतप्रतिशत बालविकास केन्द्रमा शैक्षिक सागम्री भण्डारणको लागि कक्षाकोठामा काठ वा टिनको दराज/बाकसको व्यवस्था गरिएको पाइयो । शैक्षिक सामग्रीको निर्माण र भण्डारणको सम्बन्धमा विद्यालयका प्र.अ./प्राचार्यहरु सँग जिज्ञासा राख्दा विद्यालयको स्रोतसाधनले भ्याएसम्म व्यवस्था गरिएको तर भइरहेको व्यवस्था प्रयाप्त नभएको प्रतिक्रिया पाइयो ।

### ४.१.३. पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग प्रक्रिया

बालविकास केन्द्रले निर्धारण गरेको शिक्षण सिकाइ उपलब्धिहरु विद्यार्थीहरुलाई सजिलो सँग हासिल गराउनमा शिक्षण विधि र मूल्याङ्कन प्रक्रियाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यालय तहको अन्य कक्षामा भन्दा भिन्न खालको शिक्षण विधि र सिकाइ प्रक्रिया बालविकास केन्द्रमा अपनाउनु पर्ने हुन्छ ।

पाठ्यक्रमको प्रयोगको अवस्थालाई हेर्दा सबै बालविकास केन्द्रमा नेपाल सरकार शिक्षा मन्त्रालय सानोठिमी, भक्तपुर (२०५८) ले सहयोगी कार्यकर्ताको लागि तयार गरिएको शिक्षण स्रोत सामग्रीको आधारमा शिक्षण गर्ने गरिएको पाइयो । उज्जवलनगर प्रा.वि., सहिद स्मृति मा.वि., प्रेमवस्ती उ.मा.वि् र शरदपुर उ.मा.वि.का सहयोगी कार्यकर्ताले पाठ्यक्रम शिक्षण विधि र मूल्याङ्कन सम्बन्धि पूर्व प्राथमिक तहको पाठ्यक्रम (२०००) लाई आधार मानी शिक्षण गरेको पाइयो ।

त्यस्तै स-सना बालबालिकाहरुका लागि प्राकृतिक वातावरणमा आफैले अनुभव गरेर सिक्न सक्ने गरी बाल बगैचा कुनै पनि विद्यालयमा व्यवस्था गरिएको भेटिएन । यसको अभावमा पनि

सहयोगी  कार्यकर्ताले खेल, संगित, नाटक, प्रदर्शन विधिको माध्यमबाट शिक्षण गरेको पाइयो । अवलोकनको क्रममा कक्षाकोठामा अंक अक्षर देखाउदै पढ्न र भन्न लगाई शिक्षण गर्ने गरेको पाइयो । कक्षाकोठामा सहयोगी कार्यकर्ताले प्राय : क, ख, ग, A, B, C, D, 1, 2, 3, १, २, ३, ४ ……….. नै शिक्षण गरेको पाइयो  यस विषयमा सहयोगी कार्यकर्ता सँग जिज्ञासा राख्दा अभिभावकहरु पनि अंक अक्षर पढ्न र लेख्न जाने मात्र शिक्षण राम्रो भएको मान्ने हुँदा आफुहरुले पनि त्यतैतिर जोड गरेको प्रतिक्रिया पाइयो ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा सञ्चालित बालविकासकेन्द्रको अवलोकन गरी बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता शिक्षण विधिको बारेमा जिज्ञासा राख्नुको साथै बालविकास केन्द्रको अवलोकनको क्रममा अनुसूची (५) अनुसार पाठ्यक्रम, निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था हेर्दा १२ $\frac{1}{2}$ प्रतिशत उत्तम, ५० प्रतिशत मध्यम र ३७$\frac{1}{2}$ प्रतिशत कमजोर रहेको पाइयो । त्यसैगरी छनौटमा परेका अधिकांश विद्यालयहरुका बालबिकासकेन्द्रमा पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण सामग्रीको अभाव रहेको पाइयो ।

### ४.१.४. शिक्षण र मूल्याङ्कन प्रक्रिया

शिक्षण प्रक्रिया र मूल्याङ्कन सम्बन्धमा अधिकांश बालविकास केन्द्रमा परम्परागत शिक्षण र मूल्याङ्कन प्रक्रिय अपनाउने गरेको पाइयो । बालविकास केन्द्रको पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पुरा गर्नका लागि केन्द्रको दैनिक शिक्षण कार्य तालिका निर्माण गरि सोहि अनुसार शिक्षण गर्ने  गरेको पाइयो ।

अवलोकनको क्रममा सबै विद्यालयहरुमा दैनिक कार्य तालिका निर्माण र प्रयोग गर्ने गरेको पाइयो । सोही कार्यकतालिका अनुसार शिक्षण सिकाइ भइरहेको पाइयो । अनुसूची (७) अनुसार को कार्यतालिका आधारमा दैनिक कक्षा शिक्षण हुने गरेको पाइयो । उक्त कार्य तालिका अनुसार आइतबार देखी शुक्रबार सम्म प्रत्येक दिन के शिक्षण गर्ने कस्ता कस्ता क्रियाकलापहरु गर्ने भनी कक्षा प्रारम्भ गरेको  शुरु देखि ४५ औ दिनसम्मको लागि एक किसिमको कार्य तालिका र फेरी ४६ औ दिनदेखी १०५ औ दिन सम्मको लागि त्यस्तै १०६ औ दिन देखि १६५ औ दिन

सम्मका लागि र १६६ औ दिन देखि शैक्षिक सत्रको अन्तिम सम्मका लागि छुट्टा छुट्टै कार्य तालिका प्रयोग गर्ने गरेको पाइयो (अनुसूची ७)

कार्य तालिका अनुसार पहिलो घण्टीको १० मिनेट बालगीत र ३५ मिनेट क्रियाकलापको लागि समय छुट्टाइएको पाइयो । आइतबार देखि विहिबार सम्म पहिलो घण्टीको समय सोहि अनुसार ४५ औ दिन सम्म निरन्तर चलिरहने छ भने शुक्रबारको एक दिन शिक्षण सिकाइ क्रियाकलापमा चित्रकला राखिएको पाइयो ।

त्यसैगरी दोस्रो घण्टीको समयलाई ३५ मिनेट र १० मिनेट गरी दुई भागमा छुट्टाइएको पाइयो । ३५ मिनेट समयमा नेपाली भाषामा अ, आ, इ र क, ख, ग चिनाउने र शुक्रबार प्रकृति सम्बन्धि अध्ययनलाई समय छुट्टाइएको पाइयो । दोस्रो घण्टीको १० मिनेट समयमा अंग्रेजी , नेपाली र गणित विभिन्न बालगितलाई समय छुट्टाइएको पाइयो । दोस्रो र तेस्रो घण्टि बिचमा १५ मिनेट छुट्टीको समय राखिएको छ ।
तेस्रो घण्टीको ३५ मिनेट समयमा अंग्रजी ABCD चिनाउने, १, २, ३, ४ नेपाली अंक चिनाउने त्यस्तै 0, 1, 2,3 अंग्रेजी अंक चिनाउने त्यसैगरी अंग्रजी भाषामा A, B, C, D चिनाउने आदि गरिन्छ भने चौथो घण्टीलाई ३५ मिनेटर १० मिनेट गरी दुई भागमा विभाजन गरिएको छ । जस अनुसार एक हप्तामा आफु खुशी लेख्न लगाउने । नेपाली अंग्रेजी र गणितका Pattern writing लेख्न लगाउने गरिन्छ भने चौथो घण्टीको पछिल्लो १० मिनेट समय नेपाली अंग्रेजी र गणितका अंक अक्षर लाई लय मिलाएर गीत गाउन लगाउने गरेको पाइयो ।

त्यस्तै गरी अतिरिक्त क्रियाकलाप अन्तर्गत हप्ताभरिनै खेलकुद गित, कथा, कविता र नाचगानको लागि समय राखिएको छ । विद्यार्थीहरुलाई शिक्षण सिकाइमा मनोरञ्जन प्रदान गर्नुका साथै उनीहरुका अन्तनिर्हित प्रतिभाको विकासमा यस्ता अतिरिक्त क्रियाकलापले सहयोग पुऱ्याउने हुँदा यस्ता क्रियाकलापमा विद्यार्थीलाई सक्रिय गराउनु पर्ने प्रतिक्रिया सम्बन्धीत विद्यालयका प्र.अ.हरुबाट पाइयो ।

मूल्याङ्कन प्रक्रिया पनि बालविकास केन्द्रहरुमा फरक फरक रहेको पाइयो । बालविकास केन्द्रहरुमा विद्यार्थी मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउने गरेको पाइयो ।

बालबालिकाको व्यवहारको अभिलेख राख्ने र समय समयमा उनीहरुलाई विभिन्न अभ्यास गराएर मूल्याङ्कन गर्ने गरेको पाइयो । ६ वटा बालविकास केन्द्रहरुमा बालबालिकाहरुलाई परम्परागत रुपमा अक्षर अङ्क चिनाउनुका साथै विद्यालयका अन्य विद्यार्थीसरह परीक्षामा सामेल गराई मूल्याङ्कन गर्ने र सोहि अनुरुप वार्षिक नतिजा प्रकाशन गर्ने गरेको पाइयो ।

बालविकास केन्द्रका विद्यार्थीहरुलाई शिक्षण गर्दा खेल र सामग्री प्रयोग गरी अभ्यासमा आधारित शिक्षण विधि प्रयोग गरी शिक्षण गर्दा शिक्षण प्रक्रियामा सुधार ल्याउन सकिने देखिन्छ । त्यस्तै गरी मूल्याङ्कनका आधारहरुमा पनि विद्यार्थीको हाजिर अभिलेख, भर्ना अभिलेख र विद्यालयका अन्उ कक्षा सरह परीक्षाको अभिलेख राखी मूल्याङ्कन गर्नुका साथै विद्यार्थीको नियमित व्यवहारहरुको अवलोकन गरी मूल्याङ्कन गर्दा मूल्याङ्कनमा सुधार ल्याउन सकिने देखिन्छ ।

### ४.१.५. बालबालिकालाई सिकाइ प्रति उत्प्रेरित गर्ने प्रक्रिया

सिकाइमा दण्ड र पुरस्कारलाई मनोवैज्ञानिकहरुले प्रेरणाका रुपमा प्रयोग गरेका छन् । शिक्षण सिकाइ प्रक्रियामा कसैले पुरस्कार वा पुनर्वलमा जोड दिएका छन् भने कसैले दण्डको प्रयोगमा जोड दिएका छन् ।

अध्ययनको उद्देश्य प्राप्तिका लागि सम्बन्धित बालविकास केन्द्रका कक्षाकोठामा शिक्षण सिकाइ भइरहेको अवस्थामा कक्षा अवलोकन गरी सहयोगी कार्यकर्ता सँग छलफल गर्दा प्रायजसो सबै सहयोगी कार्यकर्ताबाट बालविकास केन्द्रको शिक्षण प्रक्रियामा दण्डको प्रयोग गर्न नहुने अभिमत पाइयो । तर पुनर्बलको प्रयोग किन र कसरी गर्नुपर्दछ भन्ने सम्बन्धमा फरक फरक मत रहेको पाइयो ।

सहिद स्मृति मा.वि. को सहयोगी कार्यकर्ताका अनुसार सामान्य दण्डको प्रयोग नगरी शिक्षण गर्न कठिन हनेु बताउनु हुन्छ । यस अध्ययनमा २ वटा बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले शिक्षण प्रक्रियामा उत्प्रेरित गर्न कठिन भएको बताउनु भयो भने एउटा बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताले पुनर्बल प्रयोग गरेर बालबालिकालाई थप सिकाइका लागि उत्प्रेरित गरेको कुरा सान्दर्भिक लाग्यो ।

मेरो आफ्नो अनुभवमा बालबालिकाको शिक्षण सिकाइमा दण्डको तुलनामा पुरस्कार वा पुर्नबलको प्रयोगले उनीहरुको शिक्षण सिकाइमा राम्रो प्रभाव पार्दछ । सामान्य अंक अक्षर चिनाउने र लेख्न लगाउने सम्बन्धमा सहयोगी कार्यकर्ताले गाली गर्ने, पिट्ने र ढोका बन्द गरी थुन्ने आदि दण्डको रुपमा प्रयोग गर्ने गरेको पाइयो भने राम्रो सँग पढ्न र लेख्न जानेको अवस्थामा स्याबास, धन्यवाद र काखमा राखेर माया गर्दै पुनर्बल प्रदान गर्ने गरेको पाइयो ।

### ४.१.६. शिक्षण सिकाइमा सहयोगी कार्यकर्ता र बालबालिकाको सहभागिता

यस अध्ययन छनौटमा परेका विद्यालयहरुमा संचालित बालविकास केन्द्रको शिक्षण सिकाइ अवलोकन गर्ने तथा बालबालिकाको विकासात्मक स्थिति, शिक्षण सिकाइ भईरहेको अवस्थामा उनीहरुले प्रदर्शन गरेका व्यवहारहरुको अवलोकन गर्नुका साथै सहयोगी कार्यकर्ताको पठनपाठन सम्बन्धि क्रियाकलाप र बालबालिकाको सहभागिता जस्ता पक्षहरुको अवलोकन गरिएको थियो । अवलोकनको क्रममा चारवटा बालविकास केन्द्रमा बालबालिकाहरुलाई खेल र अभ्यासको माध्यमबाट भन्दा पनि चक र ब्ल्याकबोर्ड प्रयोगलाई नै जोड दिई शिक्षण गरिएको पाइयो । दुइवटा बालविकास केन्द्रमा गितको माध्यमबाट लय मिलाई मिलाई अङ्क, अक्षर चिनाउने र पढ्न लगाउने गरिएको पाइयो । बालबालिका संगसंगै सहयोगी कार्यकर्ताले गित गाउने गरेको पाइयो । एउटा बालविकास केन्द्रका बालबालिकाहरु सहयोगी कार्यकर्तासंगै खेल खेलिरहेको पाइयो । सहयोगी कार्यकर्ता पनि विभिन्न खेलौना संगै बालबालिकासँग खेल्दै र सिकाउँदै गरेको पाइयो । बालबालिकासंग संवाद गर्ने  क्रममा उनीहरु गित गाउन अत्यन्तै रुची राखेको पाइयो तर उनीहरुले गाउने गितमा सिर्जना र अर्थ बुझाइ भने थिएन ।

शिक्षण सिकाइमा बालबालिकाको सहभागीता अत्यन्तै उत्साहपुर्ण देख्न सकिन्छ । अध्ययन अवलोकनको क्रममा प्रायः सबै केन्द्रका बालबालिकाहरु सफा सुग्घर भएर बसेका पाइयो । उनीहरुले आफ्नो झोला, कपी, किताब, कलमको हिफाजत गरेको पाइयो । आफुले ल्याएको खाजा बट्टा खोलेर खान सक्ने, सहयोगी कार्यकर्तालाई आफ्नो समस्या बताउन सक्ने खेलौना र गीत संगित प्रति ज्यादै आर्कषित भएको पाइयो । तर केहि बालबालिकाहरु कक्षा कोठामा नै निदाउने र आफुले गाउने गीत पुरा गाउन नसकेको पाइयो ।

प्रेमवस्ती उ.मा.वि. बालविकास केन्द्रको बालविकास कक्षा सञ्चालन भइरहरेका अवस्थामा कक्षाकोठामा प्रवेश गर्दा गुड मर्निङ्ग मिस भनेको सुन्दा उनीहरुलाई गुड मर्निङ्ग मिस भन्न अभ्यस्त गराइएको पाइयो । यसै सम्बन्धमा सहयोगी कार्यकर्ता सँग जिज्ञासा राख्दा प्राय कक्षा शिक्षण आफु बाट मात्र संचालन हुने हुँदा उनीहरु त्यसैमा  अभ्यस्त रहेको कारण यस्तो भएको हुन सक्ने बताउनु हुन्छ ।

छनौटमा परेका ८ वटा बालविकास केन्द्रमा शिक्षण सिकाइ बातावरण, सामग्रीको प्रयोग, विद्यार्थीको सहभागिता उनहिरुले प्रदर्शन गरेका व्यवहारहरु र सहयोगी कार्यकर्ताले प्रयोग गरेका पुनर्बलका आधारमा उनुसूची (५) अनुसार उत्तम, मध्यम र सामान्य र कमजोर गरि चार भागमा वर्गिकरण गरिएको छ । जस अनुसार ६२ प्रतिशत मध्यम २५ प्रतिशत सामान्य र १२ $\frac{1}{2}$ प्रतिशत कमजोर अवस्थाका बालविकास केन्द्र पाइयो ।

बालविकास केन्द्रको पाठ्यक्रमले निद्रिष्ट गरेका उद्देश्य पुरा गर्नका लागि केन्द्रको दैनिक शिक्षण कार्य तालिका निर्माण  गरि सोहि अनुसार शिक्षण गर्ने गरेको पाइयो ।

## ४.२. बालबिकास केन्द्रको शिक्षण सिकाइमा सरोकारवालाको संलग्नता

किन्डर गार्डेन तथा मन्टेश्वरी शिक्षण विधिका आधारमा स्थापना हुने बालविकास केन्द्र निजी तथा संस्थागत विद्यालय, स्थानीय निकाय, गैर सरकारी संस्थाबाट संचालित समुदायमा आधीरत र विद्यालयमा आधीरत गरि विभिन्न स्तरमा प्रारम्भिक बालविकास कक्षाको रुपमा संचालन गरेको पाइन्छ । बालविकास कक्षा संचालनमा एकरुपता कायम गरि देशका सुगम, दुर्गम, विकट सबै स्थानमा सर्वसाधरण, विपन्न तथा गरिबीको रेखामुनी रहेका सबै समुदायमा सेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले विद्यालय सुधार योजनाको  एउटा अङ्गको रुपमा वि.स. २०६१ सालदेखी बालविकासकेन्द्र संचालन शुरु गरी यसलाई निरन्तरता दिदै आएको पाइन्छ ।

नेपाल सरकार स्थानीय निकाय, गैर सरकारी संस्था समुदायको बालविकास केन्द्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्नताको स्थिति रहेको पाइन्छ । शोध अध्ययनको क्रममा बालविकास केन्द्र स्थापना र संचालनमा संलग्न सबैको सहयोगको उच्च मूल्याङ्कन गर्दै समय र स्रोत साधनको अभावका कारण अध्ययन छनौटमा परेका विद्यालयका बालविकास केन्द्रका, अभिभावक, वि.व्य.स., प्र.अ., शिक्षक, वि.नि. ⁄ स्रोत व्यक्तिसँग प्रत्यक्ष भेटी अन्तर्वाता प्रश्नावलीका आधारमा प्राप्त सूचनालाई निम्न उपशिर्षहरुमा रहेर व्याख्या विश्लेषण गरिएको छ ।

### ४.२.१. अभिभावकको संलग्नता

बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ । जबसम्म अभिभावकले आफ्ना केटाकेटीले विद्यालयमा भर्ना गराउन हुदैन तब सम्म बालविकास केन्द्रको शिक्षण प्रक्रिया नै अगाडी बढ्न सक्दैन । त्यसैले यस शोध अध्ययनको क्रममा बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिका अभिभावक मध्येबाट अन्तवार्ता प्रश्नावलीको आधारमा आठ जना अभिभावकबाट प्राप्त धारणा अनुसार ४ वर्षको उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउने गरेको र स्वयं उपस्थित भई समय समयमा आफ्नो बच्चाको पढाईको बारेमा जानकारी लिने गरेको प्रतिक्रिया पाइयो ।

त्यस्तै गरी आफ्नो बाल बालिकालाई विद्यालयसम्म ल्याउने र छुट्टी पछि आफैले लैजाने गरेको, दिउँसोको खाजा घरबाट तयार गरेर झोलामा राखी पठाउने गरेको, बालबालिकाको लागि कपि किताब, झोला व्यवस्था गर्ने गरेको, सहयोगी कार्यकर्तासँग राम्रो सम्बन्ध र चिनजान गर्ने गरेको, कहिले काँही कक्षा शिक्षण भईरहेको अवस्थामा बालबालिका सँगै कक्षा कोठामा बस्ने र शिक्षण सिकाइमा थप सहयोग पुर्‍याउने गरेको, बालविकास केन्द्र र समुदाय बिच सुमधुर सम्बन्ध स्थापनाका लागि महत्पूर्ण भूमिका निर्वाह गर्नेगरेको र आवश्यक भौतिक पूर्वाधार निर्माण र शिक्षण सिकाइ वातावरण बालमैत्री बनाउन आवश्यक पर्ने स्रोत साधन जुटाउन सहयोग पुर्‍याउने गरेको पाइयो ।

### ४.२.२. विद्यालय व्यवस्थापन समितिको संलग्नता

विद्यालयको शैक्षिक प्रशासनलाई नेतृत्व प्रदान गर्न स्थानिय अभिभावकहरु बाट छनौट गरी विद्यालय संचालन रेखदेख गर्न गठन गरिएको समिति विद्यालयमा व्यवस्थापन समिति हो ।

वि.व्य.स. मा व्यवस्थापन समितिका अध्यक्ष, स्थानीय प्रतिनिधि, विद्यालयको संस्थापक चन्दादाता, समाजसेवी, शिक्षाप्रेमी, शिक्षक, प्रतिनिधि अनिवार्य महिला सदस्यका साथै सदस्य सचिवको रुपमा विद्यायका प्र.अ/रहने व्यवस्था गरिएको छ । वि.व्य.स का अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरुको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार शिक्षा नियमावलीले तोकेबमोजिम हुने व्यवस्था छ ।
विद्यालयमा आधीरत बालविकास केन्द्र संचालनका लागि छुट्टै व्यवस्थापन समितिको व्यवस्था नभएको हुँदा बालविकास केन्द्र रहेको विद्यालयको व्यवस्थापन समितिमा बालविकास केन्द्रको शिक्षण सिकाइ वातावरणमा सुधार गर्ने दायित्व रहेको पाइयो ।

विद्यालय व्यवस्थापन समितिको नेतृत्व गर्ने विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई केन्द्रविन्दु मानेर सरोकारवालाको हैसियतले बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया शोध अध्ययन सम्बन्धि कार्यको सिलसिलामा सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग प्रत्यक्ष भेट गरी अनुसूची (४) अनुसारका अर्न्तवार्ता प्रश्नावलीका आधारमा निम्न बमोजिम संलग्नता रहेको धारणा पाइयो ।

विद्यालय व्यवस्थापन समितिले सहयोगी कार्यकर्ता छनौट प्रक्रियामा प्र.अ. लाई सहयोग पुऱ्याउने गरेको त्यस्तै बालविकास केन्द्रको शिक्षण सिकाइ सामग्री खरिद गर्न आर्थिक श्रोत जुटाउने गरेको, सहयोगी कार्यकर्तालाई पारिश्रमीक वृद्धि गर्ने विषयमा छलफल गर्नेगरेको पाइयो । यसरी नै समय समयमा वि.व्य.स. को बैठक बसी बालविकास केन्द्रको शिक्षण सिकाइ सम्बन्धि छलफल गर्नेगरेको प्रतिक्रिया पाइयो ।

अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गर्न, भर्ना अभियान कार्यक्रम संचालन गर्ने र समय समयमा विद्यालयमा उपस्थित भई बालविकास केन्द्र कक्षाको निरिक्षण र अवलोकन गर्ने गरेको पाइयो ।

बालविकास केन्द्रको शिक्षण सिकाइको समेत जिम्मेवारी लिएको विद्यालय व्यवस्थापन समितिको बैठकमा बालविकास केन्द्र सम्बन्धि के कस्ता प्रस्तावहरुमा छलफल तथा निर्णय गरिन्छ भनी जिज्ञासा राख्दा सहिद स्मृति मा.वि.का. प्र.अ., वि.व्य.स. अध्यक्षका अनुसार बालविकास केन्द्रमा विद्यार्थी भर्नादर बढाउनको लागि अभिभावकको चाहना समेतलाई मध्यनजर गरी अंग्रेजी माध्यमबाट कक्षा शिक्षण गर्ने निर्णय भएको बोर्डिङ्ग, स्कुल सरह नै बालविकासकेन्द्र यू.के.जी र के.जी कक्षा संचालन गर्ने निर्णय भएको प्रतिक्रिया पाइयो ।
यसैगरी बालविकास केन्द्रको शिक्षण सिकाइका सम्बन्धमा देवज्योती नि.मा.वि.का वि.व्य.स. अध्यक्ष अनुसार हाम्रो विद्यालयमा बालविकासलाई शिक्षण गर्ने विधि र मूल्याङ्कन प्रक्रियामा सुधार गर्नुपर्ने आवश्यकता देख्दछु । शिक्षण सामग्रीको निर्माण र प्रयोगमा प्र.अ., शिक्षक र स.का.को सक्रियताको खाँचो रहेको प्रतिक्रिया पाइयो ।

### ४.२.३. प्रधानाध्यापकको संलग्नता

एउटा विद्यालयको भविष्य र प्रगतिसँग प्रधानाध्यापकको कार्यकुशलता जोडिएको हुन्छ । प्रधानाध्यापकको कुशल नेतृत्वको अभावमा विद्यालयले आफ्नो शैक्षिक क्रियाकलापहरु चुस्त र दुरुस्त राख्न सक्दैन । विद्यालयमा आधारित बालविकास केन्द्रको नेतृत्वको दायित्व पनि प्रधानाध्यापकको हुन्छ । त्यसैले शोध अध्ययनको क्रममा छनौट गरिएका विद्यालयमा संचालित बालविकास केन्द्रको शिक्षण सिकाइ सरोकारवालाको हैसियतले प्रधानाध्यापकले सहयोगी कार्यकर्ता छनौट प्रक्रिया देखी दैनिक कार्य तालिका निर्माण र सोही अनुसार शिक्षण सिकाइ भए नभएको निरीक्षण गर्ने गरेको पाइयो । समय समयमा बालविकास कक्षा अवलोकन गर्ने गरेको र प्रत्येक महिनाको अन्त्यमा शिक्षक स्टाफ बैठक बसी बालविकास केन्द्रको शिक्षण सिकाइको बारेमा जानकारी लिने गरेको प्रतिक्रिया पाइयो । साथै अनुसूची (४) बमोजिमको अन्तर्वार्ता प्रश्नावली भरी त्यसबाट प्राप्त हुन आएका जवाफहरुलाई निम्न लिखित कुराहरुमा संलग्नता रहेको समान धारणा पाइयो ।

प्र.अ. ले सहयोग कार्यकर्ता छनौट गर्दा लिखित अन्तवार्ता र कक्षा शिक्षण गराई सहयोगी कार्यकर्ता छनौट गर्नेगरेको त्यसरी नै सहयोगी कार्यकर्ताको अनुपस्थितिमा विद्यालयका अन्य शिक्षकहरुबाट कक्षा संचालन को व्यवस्था गर्ने गरेको, बालविकास कक्षाको नियमित रुपमा निरीक्षण गरी सहयोगी कार्यकर्तालाई शिक्षण सिकाइमा आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरेको, बालविकास केन्द्रको शिक्षण सिकाइमा आवश्यक शैक्षिक सामग्री, खेलकुद तथा मनोरञ्जनका साधनहरु विद्यालयको स्रोतले भ्याए सम्म व्यवस्था गर्ने गरेको प्रतिक्रिया पाइयो ।

समय समयमा बालविकास केन्द्रको शिक्षण सिकाइ सम्बन्धमा शिक्षक, सहयोगी कार्यकर्ता र अभिभावक सँग छलफल अन्तरक्रिया गर्ने गरेको, शिक्षण सिकाइ प्रक्रियामा स.का.को मनोबल उच्च बनाइ राख्न समय समयमा वि.व्य.स बैठकमा स.का.को पारिश्रमिक वृद्धि गराउने प्रयास जस्ता कुरामा प्र.अ. को संलग्नता रहेको पाइयो ।

### ४.२.४. सहयोगी कार्यकर्ताको संलग्नताका स्थिति

सहयोगी कार्यकर्ता बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष संलग्न हुने हुदाँ उनीहरुको बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालविकास केन्द्रको हकमा एउटा कक्षामा ३० जना विद्यार्थीको अनुपातमा एक जना सहयोगी कार्यकर्ताको व्यवस्था गरेको पाइन्छ ।

बालविकासलाई विभिन्न शिक्षण विधि र प्रक्रिया अपनाई बालबालिकाको रुची, चाहना इच्छा अनुसार बालमैत्री वातावरणमा शिक्षण गर्ने कार्य चुनौतीपूर्ण हुन्छ । बालबालिकालाई खेल खेलाउँदै खेल र संगीतके माध्यमबाट शिक्षण गर्नुपर्ने हुन्छ । बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा सहयोगी कार्यकर्ता साथै विद्यालयका अन्य शिक्षकहरुसँगको सहकार्यको पनि आवश्यक पर्ने हुन्छ ।

बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा सहयोगीकार्यकर्ताको महत्वपूर्ण भूमिका रहने हूँदा यस शोध अध्ययनको क्रममा सहयोगी कार्यकर्तालाई सरोकारवालाको रुपमा लिई उनीहरुको संलग्नताको स्थिति कस्तो छ भनि बालविकास केन्द्रको अवलोकन गर्नुका साथै शिक्षक तथा

सहयोगी कार्यकर्तासँग प्रत्यक्ष भेटघाट गरी अनुसूची (३) अनुसारको प्रश्नावलीको आधारमा प्राप्त धारणाहरु अनुसार सहयोगी कार्यकर्ता दैनिक कक्षा शिक्षण कार्यमा संलग्न रहेको पाइयो । त्यस्तै बालविकास केन्द्रका बालबालिकालाई उचित बालस्याहारमा सक्रिय रहने गरेको, शैक्षिक सामग्री निर्माण र भण्डारणको व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको, समय समयमा स्रोतकेन्द्रले आयोजना गर्ने बालविकास सम्बन्धि तालिममा सहभागी हुने गरेको प्रतिक्रिया पाइयो ।

त्यसैगरी सहयोगी कार्यकर्ताले बालविकास केन्द्रको शिक्षण सिकाईको सम्बन्धमा अभिभावक/प्र.अ.,वि.व्य.स.सँग छलफल र अन्तरक्रिया गर्ने गरेको, बालमैत्री शिक्षण सिकाईमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुको साथै बालविकास केन्द्रको शिक्षण सिकाइको अलावा माथिल्लो कक्षामा समेत शिक्षण गर्ने जस्ता कुराहरुमा सहयोगी कार्यकर्ताको संलग्नता रहेको पाइयो ।

### ४.२.५. विद्यालय निरीक्षक/स्रोत व्यक्तिको संलग्नता

#### क) विद्यालय निरीक्षक

जिल्ला शिक्षा कार्यलयको मातहतमा रहि विद्यालयको निरीक्षण गर्ने र निरीक्षणको क्रममा देखा परेका समस्यालाई सकेसम्म विद्यालय तहमै समाधान गर्न र त्यहाँ समाधान हुन नसकेका कुराहरु स्रोत केन्द्र तथा जि.शि.का. मार्फत समाधान गर्ने दायित्व विद्यालय निरीक्षकको हो । विद्यालय निरीक्षकले जिल्ला शिक्षा कार्यलय, स्रोतकेन्द्र र विद्यालयबीच समन्वयकर्ताको भूमिका पनि विद्यालय निरीक्षकले बढीमा दुईवटा स्रोतकेन्द्र गरी विभिन्न तहका ५० देखी ६० वटा सम्म विद्यालयहरुको एक जना विद्यालय निरिक्षकले निरीक्षण गर्ने गरेको पाइयो ।

शिक्षा नियमावली २०५९ को परिच्छेद ३ को नियम १७ मा विद्यालय निरीक्षकको काम कर्तव्य र अधिकार लाई स्पष्ट पारिएको छ । विद्यालय निरीक्षकले आफुलाई प्राप्त अधिकार र आफ्नो कर्तव्य निर्वाहको क्रममा विद्यालयको उन्नती र प्रगतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने भएकोले विद्यालय निरीक्षकलाई एउटा परामर्शदाता र मार्गदर्शकको रुपमा लिने गरिन्छ ।

विद्यालय निरीक्षकले विद्यालय निरीक्षणको क्रममा आर्थिक शैक्षिक पक्षको निरीक्षण गरी आवश्यक सर-सल्लाह, सुझाव र निर्देशन प्रदान गर्दछन् । समय समयमा विद्यालय निरीक्षण गर्नाले शैक्षिक क्षेत्रका समस्या समाधान विद्यालय निरीक्षणको आवश्यकता र महत्व अझै बढ्दै गएको छ । यस शोध अध्ययनमा विद्यालय निरीक्षकलाई पनि सरोकारवालाको रुपमा लिइएको छ ।

बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियामा विद्यालय निरीक्षकको संलग्नताको स्थिति पहिचान गर्ने क्रममा छनौटमा परेका विद्यालयहरुको विद्यालय निरीक्षण गर्नु हुने विद्यालय निरीक्षकका अनुसार सहयोगी कार्यकर्ताको छनौटमा जि.शि.का बाट कुनै दबाब नदिने गरेको, सहयोगी कार्यकर्ताको छनौट प्रक्रियामा सहयोगीको भूमिका खेलेको सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता वृद्धि गरी , उचित पारिश्रामिक दिइनुपर्ने , विद्यालय निरीक्षणकै क्रममा बालविकास केन्द्रको पनि निरीक्षण गर्ने गरेको, निरीक्षणको क्रममा आवश्यक सुझाव, निर्देशन र पृष्ठपोषण दिने गरेको, पाठ्यक्रम निर्देशिकाको प्रयोगका साथै शिक्षण सिकाइ सामग्रीको निर्माण प्रयोगलाई जोड दिने गरेको र विद्यालयको सम्पूर्ण शिक्षण सिकाइ प्रक्रियालाई सहयोग गर्ने गरेको प्रतिक्रिया पाइयो ।

यसै गरी बालविकास केन्द्रको मुख्य समस्या बालविकास केन्द्रलाई विद्यालयको तहगत संरचनामा नराख्नु, बालबालिकाका अभिभावकहरुको चासो कम हुनु, विद्यालय व्यवस्थापन समितिले बालविकास केन्द्रमा लगानी गर्न नखोज्नु जस्ता धारणा व्यक्त गरेको पाइयो ।

यस्तै बालविकास केन्द्रको शिक्षण सिकाइ सुधारका लागि योग्यता पुगेका अनुभवि र तालिम प्राप्त सहयोगी कार्यकर्ताको नियुक्ति गर्नुपर्ने, बालमैत्री शिक्षण सिकाइ वातावरण हुनुपर्ने शिक्षण सिकाइ सामग्रीको निर्माण र प्रयोगमा जोड दिनुपर्ने समय समयमा विद्यार्थीका अभिभावकलाई विद्यालयमा बोलाई भेटघाट र अन्तरक्रिया गर्नुपर्ने,सहयोगी कार्यकर्ताको क्षमता अभिवृद्धि गर्नुपर्ने र बालविकास केन्द्र प्रति समुदायको चासो बढाउनु पर्ने धारणा वि.नि. बाट प्राप्त भयो ।

### ख) स्रोत व्यक्ति

विद्यालय निरीक्षणलाई थप व्यवस्थित र प्रभावकारी बनाउन र स-सानो कामका लागि विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुमा आउन सक्ने समस्याको समाधान कार्य थलोमै होस् भन्ने उद्देश्यले शिक्षा नियमावलीले जिल्ला शिक्षा कार्यालय  र विद्यालय निरीक्षणमा केही अधिकारहरु विकेन्द्रीकरण गरी स्रोतकेन्द्रको अवधारणा ल्याइएको हो । संस्थागत र सामुदायिक गरी विभिन्न तहमा ३० देखी ४० वटा सम्म विद्यालयहरुको निरीक्षणको जिम्मा भएको स्रोतव्यक्तिलाई शिक्षकहरुको सहजकर्ताको रुपमा पनि लिने गरेको पाइयो । स्रोतव्यक्ति विद्यालयका शिक्षकहरुले खोजेको समयमा उपलब्ध हुने हुँदा शिक्षण सिकाइ क्रियाकलापमा देखा परेका समस्याहरु छिटो छरितो रुपमा विद्यालयको कक्षाकोठामा नै समाधान हुने हुँदा स्रोत व्यक्तिको महत्व अझ बढ्न गएको पाइन्छ ।

अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा संचालित बालविकास केन्द्रको निरीक्षण र अनुगमन गर्ने जिम्मेवारी पाएका स्रोत व्यक्तिलाई बालविकास केन्द्रको सरोकारवाला प्रतिनिधिको रुपमा लिइएको छ । अध्ययनको सिलसिलामा छनौटमा परेका विद्यालय अन्तर्गत पर्ने स्रोतकेन्द्र गीतानगरका स्रोत व्यक्तिसँग जिज्ञासा राख्दा बालविकास केन्द्रको नियमित निरीक्षण गर्ने गरेको, सहयोगी कार्यकर्ताको पारिश्रमिक कम भएको स्वीकार गरिएको निरीक्षणको क्रममा बालविकास केन्द्रमा देखा परेका समस्या समाधानमा सहयोगी भूमिका खेलेको पाठ्यक्रम, निर्देशिका शिक्षण सामग्रीका साथै खेलकुदका सामग्रीको निर्माण र प्रयोगमा जोड दिएको, स्थानीय विषयवस्तुलाई जोड दिइएको, सहयोगी कार्यकर्ताको तालिममा समन्वयकारी भूमिका निर्वाह गरेको, बालविकास केन्द्रको समस्याको पहिचान गरी समस्या समाधानमा सहयोगी भूमिका निर्वाह गरेको भन्ने प्रतिक्रिया पाइयो ।

बालविकास केन्द्रको शिक्षण सिकाइमा थुप्रै समस्याहरु छन् । ती समस्या समाधानमा ठोस कार्यक्रम बनाउनु आवश्यक छ । समस्यालाई समयमै बुझेर त्यस्को समाधानको उपाय खोज्नु पर्ने हुन्छ । समय वितिसके पछि गरेको औषधीले काम गर्ने छैन । आज बालबालिकाहरुको हकमा यो देशका भविष्यका कर्णधार भनेर जतिनै चर्को स्वरले भाषण गरेपनि यथार्थमा बालबालिकालाई बालविकास केन्द्रमा आउन सक्ने वातावरण तयार गर्न विद्यालय तहको जगको

रुपमा रहेको बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया बाटै सबै कुराको शुरुवात हुने हुँदा सबै सरोकारवालाहरुले यस तर्फ ध्यान दिनु अति आवश्यक बन्न पुगेको छ ।

### ४.३. बालविकास केन्द्रको शिक्षण सिकाइमा देखिएका समस्या

बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरुमा संचालित बालविकास केन्द्रको शिक्षण सिकाइमा प्रत्यक्ष सरोकार राख्ने अभिभावक, स.का., प्र.अ., वि.व्य.स अध्यक्ष विद्यालय निरीक्षक स्रोत व्यक्तिसँग अन्तर्वार्ता प्रश्नावलीका आधारमा प्राप्त शिक्षण सिकाइमा देखिएका समस्याहरुलाई बुँदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

#### क) बालमैत्री वातावरण व्यवस्था गर्न नसक्नु

बालविकास केन्द्रका कक्षा केठा छुट्टै रहेको भए पनि उक्त कक्षाकोठा बालमैत्री शिक्षण सिकाइको लागि उपयुक्त देखिएन कक्षाकोठामा बालबालिकाका लागि उपयुक्त हुने खालका फर्निचर र उनीहरुले विभिन्न विषयमा सिक्न सक्ने गरी सिकाइ क्षेत्र छुट्टाइएको भेटिएन । बालबालिकाका लागि खेल्ने र आराम गर्ने छुट्टै ठाउँको अभाव देखियो । समग्रमा बालविकास केन्द्र बालबालिकाको शिक्षण सिकाइको लागि उपयुक्त खालको नहुनु एउटा समस्याको रुपमा लिन सकिन्छ ।

#### ख) शैक्षिक सामग्री, खेलकुद र मनोरञ्जनका साधनको व्यवस्था गर्न नसक्नु

बालविकास केन्द्रका बालबालिका स-सना उमेरका हुने भएकाले उनीहरुलाई पाठ्यपुस्तकका पाठ पढाउनु र घोकाउनुको सट्टा खेल र सामग्रीको माध्यमबाट शिक्षण गरी सीप र धारणाको विकास गर्नुपर्ने हुन्छ । यसका लागि बालबालिकालाई उपयुक्त शैक्षिक सामग्री, खेलकुद सामग्री, श्रव्य दृश्य सामग्री र मनोरञ्जनका साधनहरुको कमि भएको पाइयो । जसको प्रत्यक्ष प्रभाव बालबालिकाको शिक्षण सिकाइमा पर्न गएको पाइयो ।

### ग) बालबगैंचा र खेलमैदानको अभाव हुनु

बालबालिकाहरु स्वयं अनभुव गरेर धेरै कुराहरु सिक्न सक्दछन् त्यसकारण शिक्षण सिकाइमा उनीहरुलाई प्रकृतिको अनुभव गराउन र खेलका माध्यमबाट शिक्षण सिकाइ गर्न बालविकास केन्द्रमा बाल बगैचा र खेल मैदानको अभाव रहेको पाइयो । अध्ययन छनौटमा परेका सबै बालविकास केन्द्रमा छुट्टै बाल बैगैचा र खेलमैदान नभएको कारण शिक्षण सिकाइमा समस्या भएको पाइयो ।

### घ) परम्परागत बाल शिक्षण विधिमा जोड दिनु

बालविकास केन्द्रको शिक्षण सिकाइका लागि पाठ्क्रम, निर्देशिका,सिकाइ उपलब्धिका नीतिगत व्यवस्था भए पनि धेरै बालविकास केन्द्रहरुमा त्यसको उपलब्धता अभाव रहेको पाइयो । त्यस्तै बालविकास केन्द्र अनुसार फरक फरक शिक्षण विधिहरु अपनाइएको पाइयो । खेलकुद, मनोरञ्जन र शिक्षण सामग्रीमा जोड दिनुपर्नेमा परम्परागत व्याख्यान तथा प्रवचन विधिको प्रयोग अधिक गरेको पाइयो । वास्तवमा बालविकास केन्द्को शिक्षण विधि पनि शिक्षक केन्द्रित विधि देखियो । यो बालविकास केन्द्रको समस्याको रुपमा लिन सकिन्छ ।

### ङ) सहयोगी कार्यकर्ताको अनुभव र तालिम पर्याप्त नहुनु

बालविकास केन्द्रका सहयोगी कार्यकर्ता अनुभवी दक्ष र तालिम प्राप्त हुनुपर्दछ । उनीहरुको दक्षता, अनुभव र तालिमले शिक्षण सिकाइलाई प्रत्यक्ष प्रभाव पार्दछ । हाल सञ्चालनमा रहेका बालविकासकेन्द्रहरुमा बालविकास केन्द्रको आवश्यकता अनुरुप तालिमको व्यवस्था हुन सकेको छैन । स-सना बालबालिकाहरुलाई बालमनोबैज्ञानिक ढङ्गले शिक्षण गर्नका लागि तालिम प्राप्त सहयोगी कार्यकर्ता आवश्यक पर्दछ । सामान्य तालिमको भरमा नियुक्ति भएका सहयोगी कार्यकर्ताबाट शिक्षण सिकाइमा सुधार ल्याउन कठिनाई हुन्छ । त्यसैले बालविकास केन्द्रका सहयोगी कार्यकर्ता, दक्ष, अनुभवी र तालिम प्राप्त नुहुनु अर्को समस्याको रुपमा लिन सकिन्छ । त्यस्तै सहयोगी कार्यकर्ताको न्यून पारिश्रमिकका कारण उत्साहपूर्वक शिक्षण सिकाइमा लाग्न सकिएको पाइएन ।

**च) पृष्ठपोषण र पुनर्बल को उचित व्यवस्थापन गर्न नसक्नु**

बालबिकास केन्द्रको शिक्षण सिकाइको क्रममा बालबालिकाहरु आफुले सिकेका राम्रा क्रियाकलापको प्रशंसा वा पुरस्कारको आशा राखेका देखियो तर उचित समयमा उनीहरुलाई पुनर्बल प्रदान गर्न नसक्दा शिक्षण सिकाइ प्रभावकारी नहुने हुँदा स.का.ले बालबालिकाको उचित व्यवहारमा पुनर्बल प्रदान गर्न ढिलो गर्नु हुदैन । अध्ययन क्रममा सहयोगी कार्यकर्ताहरुमा पुनर्बल प्रयोग के र किन प्रदान गर्नु पर्दछ भन्ने कुरामा उचित व्यवस्थापनको कमी रहेको पाइयो ।

**छ) सहयोगी कार्यकर्ताको सेवा सुरक्षित नहुनु**

कुनै पनि संघ संस्था वा निकायमा राम्रो काम गर्ने र सरकारी काम कहिले जाला घाम भनि भारा टार्ने दुबै प्रवृत्ति विद्यमान रहन्छन् । अध्ययनको क्रममा यी दुबै प्रवृत्ति देखा परे कतिपय बालविकास केन्द्रमा राम्रो शिक्षण गर्ने सहयोगी कार्यकर्ता पनि भेटिनु भयो तर उहाँहरुलाई कतैबाट पनि राम्रो गर्नु भयो, तपाइको शिक्षण सिकाइ प्रशंसा गर्न लायक छ भनि कसैबाट पनि हौसला र प्रोत्साहन गर्ने गरेको पाइएन । शैक्षिक योग्यताको कमी, न्यून पारिश्रमीक र नोकरीको कुनै ग्यारेन्टि नहुने हुँदा सहयोगी कार्यकर्ताको शिक्षण सिकाइमा उत्साहको कमी हुनुको साथै यसले शिक्षण सिकाइ क्रियाकलापमा उत्तरदायित्व र जवाफदेही नहुने समस्या रहेको देखियो ।

**ज) स्रोत साधनको अभाव हुनु**

अध्ययन क्रममा सम्बन्धित विद्यालयका बालविकास केन्द्रको शिक्षण सिकाइका लागि आवश्यक आर्थिक भौतिक स्रोत साधनको अभाव रहेको पाइयो । स्रोत साधनको अभावको कारण शिक्षण सिकाइमा पनि समस्या देखा पर्न गएाके प्रष्ट  देख्न सकिन्छ ।

### झ) निरीक्षण तथा अनुगमन व्यवस्था प्रभावकारी हुन नसक्नु

बालविकास केन्द्रको संचालन के कसरी भएको छ ? बालविकास शिक्षण सिकाइमा के कस्ता समस्याहरु रहेका छन् ? भन्ने जस्ता कुराहरुलाई मध्यनजर राखी बालविकास केन्द्रको कक्षा शिक्षण प्रक्रियाको निरीक्षण गर्नुपर्ने हुन्छ । सञ्चालित बालबिकास केन्द्रहरुमा विशेष गरेर प्र.अ., वि.व्य.स, वि.नि. र स्रोतव्यक्तिले नियमित निरीक्षण गरी आवश्यक सुझाव र पृष्ठपोषण प्रदान गर्नुपर्नेमा बालबिकास केन्द्रको नियमित निरीक्षण र अनुगमन प्रभावकारी हुन नसकेको पाइयो ।

### ञ) बालविकास केन्द्रप्रति प्र.अ.को ध्यान कम हुनु

विद्यालयको शैक्षिक एवं प्रशासनिक नेतृत्व प्राप्त विद्यालयका प्र.अ./प्राचार्यले विद्यालयका अन्य कक्षा संचालन र विविध काममा लाग्नुपर्ने हुँदा बालविकास केन्द्रको शिक्षण सिकाइप्रति ध्यान दिन नसकेको पाइयो ।

### ट) अभिभावक तथा जनसमुदायको सामुदायिक विद्यालयप्रतिको चासो कम हुनु

अध्ययनको क्रममा कतिपय समुदायमा हुने खाने र टाठा बाठाहरुको आफ्ना बालबालिकालाई नीजि तथा संस्थागत विद्यालयमा पठाउने र सरकारी वा सामुदायिक विद्यालयमा राजनैतिक प्रभाव जमाउनका लागि विद्यालय व्यवस्थापन समितिमा बस्ने गरेको पाइयो । उनीहरु विद्यालयको शिक्षण सिकाइ प्रति भन्दा पनि आफ्नो राजनितिक अभिष्ट पूरा गर्नेतर्फ अग्रसर रहेको पाइयो ।  जसको कारण विद्यालयको शिक्षण सिकाइमा त्यसको प्रत्यक्ष असर पर्न गएको देख्न सकिन्छ ।

त्यस्तैगरी अभिभावकहरु पनि आफ्ना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गरेदेखी त्यहाँको शिक्षण सिकाइ र समस्याहरुको बारेमा के कस्तो छ भनि सोध्ने र चासो दिने गरेको कुनै पाइएन । त्यस्तै अभिभावक विद्यालयमा गएर विद्यार्थीको प्रगति विवरणको जानकारी लिन नखोज्नु जस्ता कमिकमजोरीहरु समस्याको रुपमा पाइयो ।

**ठ) बालविकास केन्द्रलाई विद्यालय तहको संरचना भित्र नराखिनु**

नेपाल सरकारको मौजुदा शिक्षा नियमावलीमा बालविकास केन्द्रलाई नेपाल सरकारको वर्तमान विद्यालय तहको संरचना भित्र राखिएको छैन । नेपाल सरकारको मातहतमा रहेका निकायहरु शिक्षा मन्त्रालय, शिक्षा विभागबाट बालविकास केन्द्रको अवधारणा आउनु राम्रो कुरा हो तर यिनै निकायहरुले बालविकास केन्द्रलाई कम महत्व दिएको पाइन्छ । सहयोगी कार्यकर्ताको योग्यता कम तोक्नु, मासिक अठारसय पारिश्रमिक निर्धारण गर्नु, पाठ्यक्रम तथा शैक्षिक सामग्रीको व्यवस्था नगर्नु, सिकाइ उपलब्धिको मूल्याङ्कन नहुनु, भौतिक पूर्वाधार निर्माणमा ध्यान जान नसम्नु आदि यसका उदहारणको रुपमा लिन सकिन्छ ।

जसरी प्राथमिक कक्षा १ देखी माध्यमिक तह सम्मका अन्य विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने गरिन्छ तर बालविकास केन्द्रमा उपलब्ध गराएको पाइएन ।

अध्ययनको क्रममा बालविकास केन्द्रको शिक्षण सिकाइमा विभिन्न समस्याहरु सामना गर्नु परेको आशा गरे अनुरुप सफलता प्राप्त हुनु नसकेको धारणा व्यक्त गरेको पाइयो । नेपाल सरकारले बालविकास केन्द्रका लागि कोटा उपलब्ध गराउने र उपलब्ध कोटामा नियुक्ति हुने सहयोगी कार्यकर्तालाई मासिक अठारसय दिने बाहेक बालविकास केन्द्रको शिक्षण सिकाइका अन्य पक्षामा कुनै उल्लेख सहयोग नगरेको पाइयो ।

**ड) निरन्तर मूल्याङ्कनको अभाव**

शिक्षण सिकाइको अर्को महत्वपूर्ण पाटो मुल्याङ्कन प्रक्रिया हो । बालविकास केन्द्रका बालबालिकाहरुलाई विद्यालयको औपचारिक परिक्षामा सामेल गराएर सिकाइ उपलब्धि के छ भनी थाहा पाउन कठिन हुन्छ । त्यसैले उनीहरुका बानी, व्यवहारको र ज्ञानको स्तर पत्ता लगाउन निरन्तर मुल्याङ्कन प्रणाली अपनाउनु पर्नेमा त्यसो नभएको पाइयो ।

## ढ) दिउँसोको खाजाको व्यवस्था नहुनु

बालबालिकाहरुलाई उनीहरुको शारीरिक स्वभावका कारण छिटो भोक लाग्ने हुन्छ । विहानको खाना ९ बजे खाएर २ बजे सम्म बालविकास केन्द्रमा रहँदा उनीहरुलाई थकाई र भोक दुबै लागेको हुन्छ । यसरी लामो समय सम्म बालविकास केन्द्रमा रहने हुँदा उनीहरुलाई दिउँसोको खाजको उचित प्रबन्ध नभएको पाइयो । खाजाको व्यवस्था हुन सकेमा बालबालिकाहरु लामो समय सम्म शिक्षण सिकाइमा लागि रहनसक्ने देखिन्छ ।

## ण) शिक्षा क्षेत्रमा बढ्दो राजनैतिक हस्तक्षेप

देशको विद्यमान राजनैतिक प्रभाव शिक्षा क्षेत्रमा पनि परेको पाइन्छ । विद्यालय व्यवस्थपन समितिको गठन, शिक्षक नियुक्ति जस्ता कुरामा विद्यालयमा हस्तक्षेप भएको यदाकदा गुनासो रहेको पाइन्छ । त्यसै गरी विभिन्न राजनैीतक दलहरु तथा संघ संगठनले राजनैतिक उद्देश्यले गर्ने बन्द, हडतालको प्रभाव बालविकास केन्द्रको शिक्षण सिकाइमा समेत परेको पाइन्छ । बाल विकास केन्द्रको शिक्षण सिकाइमा यी र यस्तै थुप्रै समस्याहरु रहेको पाइन्छ ।

## ४.४. बालविकास केन्द्रमा शिक्षण सिकाइ समस्या समाधानका उपायहरु

बालविकास केन्द्रको शिक्षण सिकाइ सम्बन्धि शोध अनुसन्धानको क्रममा छनौट गरिएका बालविकास केन्द्रका वि.व्य.स.का अध्यक्ष, अभिभावक, प्र.अ., सहयोगी कार्यकर्ता, वि.नि. स्रोत व्यक्तिसँग अन्तर्वार्ता प्रश्नावलीका आधारमा प्राप्त सुझाव र प्रतिक्रियालाई प्राथमिकताको आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## क) उपयुक्त किसिमको कक्षा वातावरण हुनुपर्ने

भर्खरमात्र विद्यालय जान सुरु गरेका बालबालिकालाई विद्यालयको वातावरण मन परेन भने उनीहरु विद्यालयमा आउन रुची राख्दैनन् । त्यसैले उनीहरुले शिक्षण गर्ने कक्षाकोठा बाल मैत्री हुनुका साथै घरको जस्तै मायालु वातावरण सिर्जना गरी शिक्षण सिकाइ गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

**ख) शैक्षिक सामग्री, खेलकुद सामग्री र मनोरञ्जनका साधनको व्यवस्था हुनुपर्ने**

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाको सिकाइ प्रक्रियामा प्रत्यक्ष प्रभाव पार्ने शैक्षिक सामग्री, बाल पुस्तकालय, खेलकुदका सामग्री तथा गीत, संगित र मनोरञ्जनका साधनहरुको व्यवस्था गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

**ग) बालबैगैचा र खेल मैदान व्यवस्था हुनुपर्ने**

बालबालिकालाई आफुले अनुभव गरेर सिक्न सक्ने गरी प्राकृतिक वातावरण सिर्जना गर्न प्रत्येक बालविकास केन्द्रमा बालबालिकालाई बालबगैचा र खेलमैदानको उचित व्यवस्था गर्नुपर्ने प्रतिक्रिया पाइयो ।

**घ) बालकेन्द्रित शिक्षण विधि अनुसार शिक्षण गर्नुपर्ने**

स-सना बालबालिकालाई पाठ्यपुस्तक र लेखाइमा जोड दिनु भन्दा बाल मनोबिज्ञान अनुसार बालमैत्री बातावरणमा खेलकुद तथा शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्नुपर्ने धारणा पाइयो । साथै बालविकास केन्द्रहरुका शिक्षण सिकाइमा एकरुपता कायम हुनुपर्ने सुझाव पाइयो ।

**ङ) सहयोगी कार्यकर्ताको वृत्ति विकास र तालिमको व्यवस्था हुनुपर्ने**

बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति सेवा तथा सुविधामा उपयुक्त ध्यान नपुगेको स्वयंसेवकको रुपमा काम गर्नु परेको, पारिश्रमिक अति न्यून भएको भन्ने गुनासो रहेको र यसका लागि निश्चत मापदण्ड बनाई विद्यालयका अन्य शिक्षक सरह नियुक्ति तथा सेवा सुविधा उपलब्ध गराउनु पर्ने, सहयोगी कार्यकर्तालाई पूर्व सेवाकालिन तथा पुर्नताजगी तालिमको व्यवस्था गर्नुपर्ने धारणा प्राप्त भयो ।

### च) शिक्षण सिकाइमा पृष्ठपोषण र पुनर्बल प्रदान गर्नुपर्ने

बालबालिकालाई शिक्षण गर्ने क्रममा उनीहरुका सहि प्रतिक्रियालाई तुरुन्तै पृष्ठपोषण वा पुर्नबल प्रदान गरी थप सिकाइका लागि बालबालिकालाई प्रेरित गर्नुपर्दछ । बालविकास केन्द्रको शिक्षण सिकाइमा पुर्नबलको प्रयोगलाई अत्यन्तै महत्वका साथ लिनु पर्ने देखिन्छ ।

### छ) पुरस्कार एवं दण्ड सजायको नीति अवलम्वन गर्नुपर्ने ।

सिङ्गो विद्यालय र बालविकास केन्द्रमा कार्यरत शिक्षक/सहयोगी कार्यकर्ता तथा प्रधानाध्यापकहरुलाई निजहरुले गर्ने राम्रो कामको लागि प्रोत्साहन तथा पुरस्कारको व्यवस्था र आफ्नो कर्तव्य निर्वाहमा गैर जिम्मेवार भई विद्यालयको शैक्षिक वातावरण विगार्नेलाई नसिहत दिने, घटुवा गर्ने आदि नीति अवलम्बन गर्नुपर्ने प्रतिक्रिया प्राप्त भयो ।

### ज) स्रोत साधनको खोजी र उपयोग गर्नुपर्ने

बालविकास केन्द्रको शिक्षण सिकाइ तथा समग्र शैक्षिक विकासको लागि स्रोत साधन आवश्यकता पर्दछ । त्यसका लागि स्थानिय स्तरमा अभिभावक, समाजसेवी, चन्दादाता, गा.वि.स/जि.वि.स,जि.शि.का सँग उपलब्ध भएका स्रोत साधनको को खोजी गरी आर्थिक पारदर्शिता अपनाउनु पर्ने धारणा प्राप्त भयो ।

### झ) निरीक्षण तथा अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने

बालविकास केन्द्रको संचालन कसरी भएको छ ? समस्याहरु के छन् ? समाधानका लागि के प्रयास गर्नुपर्ला ? भन्ने जस्ता जिज्ञासाहरु मेटाउन र सहयोगी कार्यकर्ता, शिक्षक तथा व्यवस्थापन पक्षलाई आवश्यक सुझाव र पृष्ठपोषण प्रदान गर्न र देखा परेका समस्याहरु समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले क्षे.शि.नि., जि.शि.का, वि.नि. /स्रोत व्यक्ति , वि.व्य.स, शि.अ.संघ, प्र.अ. बाट समय समयमा बालविकास केन्द्रको निरीक्षण गरी आवश्यक पृष्ठपोषण दिनुका साथै समस्याको समाधान गर्नुपर्ने धारणा पाइयो ।

**ञ) वि.व्य.स., शि.अ.संघ, प्र.अ., सहयोगी कार्यकर्ता र शिक्षकको भूमिकालाई सक्रिय बनाउनु पर्ने**

बालविकास केन्द्रमा प्रत्यक्ष सरोकार राख्ने वि.व्य.स.,प्र.अ.,सहयोगी कार्यकर्ता तथा शिक्षकको सक्रियता विना बालविकास केन्द्रको शिक्षण सिकाइले गति लिन सक्दैन र लक्षित उद्देश्य हासिल हुन सक्दैन, त्यसैले सरोकारवाला सबै पक्षबिच समन्वय कायम गरी आ-आफ्नो भूमिका निर्वाह र दायित्व पूरा गर्नमा सबैको सक्रियताको खाँचो रहेको धारणा प्राप्त भयो ।

**ट) समुदायसँगको सम्बन्ध विस्तार गनुपर्ने**

समाजमा आफुलाई प्रतिष्ठित र सम्पन्नशाली भन्नेहरुका छोरा छोरी सामुदायिक विद्यालयका बालविकासमा भर्ना गरेको पाइएन । उनीहरुका बालबालिकाहरु संस्थागत एवं निजी बोर्डिङ्ग स्कुलमा पठाउने हुँदा अभिभावक र सर्वसाधरणको विद्यालय व्यवस्थापन पक्ष र शिक्षकहरुबीच अविश्वास पैदा गराएको छ । त्यसैले विद्यालयले समुदायसँग विश्वासको वातावरण बनाउनु जरुरी रहेको छ ।

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता र शिक्षक समुदाय प्रति जवाफदेही हुनुपर्दछ । यसका लागि सामुदायिक विद्यालयका शिक्षकहरु स्वयंले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पठाउनुपर्ने समय समयमा अभिभावक, शिक्षा प्रेमी, समाजसेवी , बुद्धिजिवीहरुको भेला बोलाई विद्यालयको यथार्थ अवस्थाको बारेमा जानकारी गराउने, समुदायसँगको सम्बन्ध सुमधुर बनाउनु पर्ने र विद्यालयको विकासमा समुदायको सहभागिता बढाउनु पर्ने जस्ता धारणाहरु राखेको पाइयो ।

**ठ) बालविकास केन्द्रलाई विद्यालय तहको संरचनामा राख्नु पर्ने**

बालविकास केन्द्रलाई वर्तमान विद्यालयतहको कुनै पनि संरचनामा राखिएको छैन । जसले गर्दा त्यहाँ हुने शिक्षण सिकाइलाई गम्भिर ढङ्गले सोच्ने गरेको पाइदैन । जेन तेन एक वर्ष  अवधी पुरा गरेपछि प्राथमिक तहको कक्षा १ मा भर्ना गर्न पाइने भएकाले बालविकास केन्द्रको शिक्षण

सिकाइमा त्यति रुची राख्ने गरेको पाइएन । बालबालिकाका लागि एक वर्ष समय महत्वपूर्ण हो । त्यसमा पनि प्रारम्भिक बाल्यअवस्था एउटा जिज्ञासा र उत्सुकताको उमेर हो । यो उमेरमा बालबालिकामा सकारात्मक छाप पार्न सकेमा सधैंभरी उ सकारात्मक सोचबाट अघि बढ्न सक्छ । त्यसैले बालविकास केन्द्रलाई विद्यालयतहको छुट्टै संरचनाको रुपमा स्थापित गर्नुपर्ने धारणा प्राप्त भयो ।

**ड) निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने**

शिक्षण सिकाइ सुधारका लागि बालविकास केन्द्रका बालबालिकाहरुको मुल्याङ्कन निरन्तर भईरहनु पर्दछ । बालविकासका सबै पक्षलाई समेटेर बालबालिकाका क्रियाकलापहरुको रेकर्डको आधारमा उनीहरुको मुल्याङ्कन गर्दा प्रगतिको यथार्थ स्थितिको जानकारी हुन्छ । यसबाट सुधार गर्नुपर्ने पक्ष र सबल पक्षको जानकारी प्राप्त भई शिक्षण सिकाइमा सहयोग पुग्न जाने प्रतिक्रिया प्राप्त भयो ।

**ढ) बालविकास केन्द्रमा दिउँसो खाजाको व्यवस्था हुनुपर्ने**

बालबालिकाहरु करिब ३-४ घण्टा समय बालविकास केन्द्रमा बिताउने र यो समयमा उनीहरुलाई भोक र थकाई समेत लाग्ने हुँदा शिक्षण सिकाइमा रुची कम हुनुका साथै विद्यालय समय पुरा नहुँदै भागेर घरतर्फ लाग्ने हुँदा अभिभावक र विद्यालय व्यवस्थापन पक्षको सहयोगमा स्रोत व्यवस्थापन गरी दिउँसोको खाजाको व्यवस्था मिलाउनु पर्ने धारणा प्राप्त भयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

अध्ययनको क्रममा बालविकास केन्द्रको शिक्षण सिकाइसँग सम्बन्धित विभिन्न पक्षहरुलाई तोकिएको विधिबाट व्याख्या र विश्लेषण गरी परिच्छेद ४ अनुसारको समस्या र समाधानका उपायहरुको आधारमा प्राप्त प्राप्ती, निष्कर्ष र सुझावलाई यस परिच्छेदमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

## ५.१. प्राप्ती

यस अध्ययन छनौटमा परेका विद्यालयहरुमा संचालित बालबिकास केन्द्रहरुको स्थलगत अवलोकन भ्रमण गरी सरोकारवालहरुसँग अन्तर्वाता प्रश्नावली भराइनुका साथै अनौपचारीक छलफलबाट समेत प्राप्त हुन आएका प्राप्तिहरु निम्न अनुसार छन् ।

क) सहयोगी कार्यकर्ता छनौटमा उल्लेखित प्रावधान अनुरुप नै छनौट भएको पाइयो ।

ख) बालविकास केन्द्रको शिक्षण सिकाइको जिम्मेवारी एवं सम्पूर्ण बालविकास केन्द्र संचालन सोहि केन्द्रका सहयोगी कार्यकर्ता बाट हुदै आएको पाइयो ।

ग) प्राथमिक तहको कक्षा १ मा भर्ना हुनु अगावै ४ देखी ५ वर्ष उमेर समूहका बालबालिकालाई १ वर्ष सम्मको शिक्षण गराई पठन पाठनको व्यवस्था मिलाइएको पाइयो ।

घ) बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले बालविकास केन्द्रको अलावा माथिल्लो कक्षामा समेत शिक्षण गर्नेगरेको पाइयो ।

ङ) बालविकास केन्द्रमा शिक्षण सिकाइ प्रति उत्प्रेरित गर्ने प्रक्रिया फरकफरक रहेको पाइयो ।

च) बालविकास केन्द्रमा शिक्षण र मूल्याङ्कन प्रक्रिया फरक फरक रहेको पाइयो ।

छ) बालविकास केन्द्रको शिक्षण सिकाइ विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघ, सहयोगी कार्यकर्ता/शिक्षक, प्रधानाध्यापक/प्राचार्य, अभिभावक, विद्यालय निरीक्षक स्रोत व्यक्ति, सरोकारवालाको रुपमा रहेको पाइयो ।

ज) अध्ययनको क्रममा रहेका बालविकास केन्द्रहरुमा सहयोगी कार्यकर्ता र विद्यार्थी संख्या अनुपात फरक फरक रहेको पाइयो ।

झ) बालविकास केन्द्रको शिक्षण सिकाइमा पुनर्बलको प्रयोग न्यून रहेको पाइयो ।

ञ) प्राय : सबै बालविकास केन्द्रमा बालविकास पाठ्यक्रम, शिक्षक निर्देशिकाको प्रयोगको अवस्था न्यून पाइयो ।

ट) बालविकास केन्द्रमा शिक्षण सिकाइका लागि आवश्यक शैक्षिक सामग्री तथा खेलकुद सामग्री गीत संगीत र मनोरञ्जनका सामग्रीहरुको निर्माण र प्रयोगको अवस्था कमजोर रहेको पाइयो ।

ठ) सहयोगी कार्यकर्ताको पारिश्रमिक न्यून रहेको हुँदा शिक्षण पेशामा निरन्तर लागिरहन नसकेको अवस्था पाइयो ।

ड) सहयोगी कार्यकर्ताका लागि उपयुक्त तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्थामा ध्यान पु-याउन नसकिएको पाइयो ।

ढ) बालबालिकाको सिकाइ उपलब्धिको मापन तथा मूल्याङ्कनका मापदण्डहरु निर्माण गरी सबै बालविकास केन्द्रले शिक्षण विधि र मुल्याङ्कनमा एकरुपता ल्याउनुपर्ने धारण रहेको पाइयो ।

ण) बालविकास केन्द्रको शिक्षण सिकाइ प्रति अभिभावक र जनसमुदायको चासो कम रहेको पाइयो ।

त) बालविकास केन्द्रको निरीक्षण र अनुगमन व्यवस्थाको प्रभावकारितामा कमी रहेको पाइयो ।

थ) विद्यालय प्रधानाध्यपकले बालविकास केन्द्रका लागि प्रर्याप्त मात्रामा समय र ध्यान दिन नसकेको पाइयो ।

द) बालविकास केन्द्रलाई विद्यालय तहको कुनै पनि संरचनामा नराखेको पाइयो ।

## ५.२. निष्कर्ष

बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाहरु ४ देखी ५ वर्ष उमेर समूहका हुने हुँदा उनीहरुको शिक्षण सिकाइ बालमैत्री वातावरणमा हुनुपर्नेमा सरोकारवाला सबैको समान धारणा रहेको पाइयो । यसरी नै कक्षा शिक्षणको वातावरण बालबालिकाको लागि सुहाउँदो खालको हुनुको साथै बालबालिकाहरुको खेल तथा संगितको माध्यमबाट छिटो सिक्न सक्छन भन्ने निष्कर्षमा पुगियो ।

शिक्षण सिकाइको क्रममा बालबालिकाहरु दैनिक प्रयोग गरिने शैक्षिक सामग्रीको तुलनामा नयाँ र नौला किसिमका शिक्षण सिकाइको सामग्रीप्रति आर्कषित हुने गर्दछन् । बालविकास केन्द्रको

शिक्षण सिकाइको सफलता र असफलता सहयोगी कार्यकर्ताको दक्षता र लगनशीलतामा निर्भर रहेको हुन्छ । त्यसकारण सहयोगी कार्यकर्ताले बालमनोविज्ञानमा आधारित शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ । सहयोगी कार्यकर्ता अनुभवी, सिर्जनशिल र रचनात्मक हुनुपर्दछ । सहयोगी कार्यकर्तालाई शिक्षण सिकाइको स्पष्ट मार्गदर्शनको अभावमा अलमलमा परेका छन् । उहाँहरुले नयाँ शिक्षण विधिको प्रयोग गर्नु भन्दा परम्परागत शिक्षण विधिको प्रयोगलाई नै शिक्षण सिकाइको माध्यम बनाएका छन् । शिक्षण सिकाइको क्रममा पुनर्बल र पृष्ठपोषण प्रयोगको अवस्था अत्यन्त कमजोर रहेको छ । यसका लागि सहयोगी कार्यकर्ताको योग्यता, तालिम र वृत्तिविकासका लागि सम्बन्धित पक्षलाई ध्यान पुऱ्याउनु आवश्यक छ ।

बालविकासका लागि अर्को महत्वपूर्ण पक्ष भनेको उनीहरुको सिकाइ उपलब्धिको स्तर जाँच गर्ने र निरन्तर मुल्याङ्कन प्रक्रियाबाट उनीहरुका सबल र कमजोर पक्षहरु पत्ता लगाई आवश्यकता अनुसार कमजोर पक्षलाई सुधार गर्दै लजानु पर्दछ । त्यसै गरी समय समयमा बालविकास केन्दको शिक्षण सिकाइको अवस्था सम्बन्धि अवलोकन, निरीक्षण र अनुगमन गर्नु पर्दछ । यसका लागि विशेष गरी विद्यालय निरीक्षक, स्रोत व्यक्ति, प्र.अ./प्राचार्य विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ आदिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निरीक्षणको क्रममा प्राप्त भएका राम्रा पक्षलाई अन्य बालविकास केन्द्रमा पनि सञ्चार गर्ने र कमजोर पक्षको सुधारका लागि सुझाव, निर्देशन, पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

यसैगरी अभिभावकहरुले आफ्ना बालबालिकाको लागि राम्रो हेरचाहा, पौष्ठिक आहार र शिक्षण सिकाइको लागि आवश्यक सामग्री (झोला, कापी, किताब, कलम, खाजा आदी) को राम्रो प्रबन्ध मिलाउनुको साथै समय समयमा बालविकास केन्द्रमा पुगी आफ्ना बालबालिकाको पढाईस्तरबारे बुझ्नुपर्ने र बालविकास केन्द्रको शैक्षिक बातावरण कायम गर्नलाई विद्यालयलाई सहयोग पुऱ्याउनु पर्छ । विद्यालय प्रशासनले पनि पत्र काटेर समय समयमा अभिभावकको भेला बोलाई बालविकास केन्द्रका समस्याको बारेमा अवगत गराउनुपर्दछ ।

जनसमुदायमा नीजी तथा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर रहेको गुनासो सुनिन्छ । शैक्षिक गुणस्तरको महत्वपूर्ण पक्ष शिक्षण सिकाइ प्रक्रिया नै हो । यसरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा आएको ह्रासलाई कम गर्न र

आ-आफ्नो दायित्व पूरा गर्नु बालविकास केन्द्रको शिक्षण सिकाइमा सरोकार राख्ने सरोकारवालाको प्रमुख दायित्व हो । बालविकास सम्बन्धी पुर्व अनुसन्धानबाट पनि संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित बालविकास कक्षामा शिक्षण सिकाइको लागि शिक्षा सम्बन्धि राम्रो अनुभव भएको योग्य तालिम प्राप्त सहयोगी कार्यकर्ताबाट मात्र बालमनोविज्ञान बुझी कुशल शिक्षण हुन सक्ने धारणा सरोकारवालाबाट पाइयो । व्यवहारबादी मनोवैज्ञानिक वि.एफ. स्किनर लगायतका अन्य मनोवैज्ञानिक तथा शिक्षाविद्हरुको सिद्धान्तलाई आत्मसाथ गर्दै जति सक्यो चाँडो बालविकास केन्द्रका शिक्षण सिकाइ समस्या समाधानको दिशातर्फ अघि बढ्न सकेको खण्डमा बालविकास केन्द्को शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुने कुरामा दुईमत छैन भन्ने तथ्य अध्ययनको निष्कर्ष रह्यो ।

**५.३. सुझावहरु**

यस शोध अध्ययनको निष्कर्षका आधारमा बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

क) बालविकास केन्द्रको शिक्षण सिकाइ वातावरण बालमैत्री बनाउनु पर्दछ । यसका लागि सम्बन्धित विद्यालयका प्र.अ./प्राचार्य, स्रोत व्यक्ति, वि.नि.बाट समय समयमा बालविकास केन्द्रको अवलोकन, निरीक्षण गर्ने र सहयोगी कार्यकर्तालाई बाल मैत्री शिक्षण सिकाइ वातावरण निमार्णमा सहयोग पुऱ्याउनु पर्दछ ।

ख) बालविकास केन्द्रको शिक्षण विधिको रुपमा खेल र संगितलाई शिक्षण सिकाइको माध्यम बनाउनु पर्दछ । विद्यालयले बालविकास केन्द्रका शिक्षण सिकाइको लागि प्रसस्त खेल तथा संगित सामग्री उपलब्ध गराई सहयोगी कार्यकर्तालाई कक्षाकोठाको सिकाइ वातावरण मनोरञ्जनपूर्ण बनाउन प्रोत्साहन गर्नुपर्दछ । त्यस्तै बालविकास केन्द्रमा बाल बगैजा र बाल पुस्तकालयको उचित व्यवस्थामा सरोकारवालाको ध्यान जानु पर्दछ ।

ग) बालविकास केन्द्रको शिक्षण सिकाइमा स्थानिय शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा जोड दिनु पर्दछ । शैक्षिक सामग्री खरिदका लागि आवश्यक आर्थिक स्रोत विद्यालयले जुटाउनुको

साथै सहयोगी कार्यकर्तालाई शैक्षिक सामग्री निर्माण, प्रायोग, व्यवस्थापन र भण्डारण सम्बन्धि तालिम दिनु पर्दछ ।

घ) आर्थिक आवस्था कमजोर भएका सामुदायिक विद्यालयका बालविकास केन्द्रको शिक्षण सिकाइ सुधारका लागि समय समयमा अभिभावक भेटघाट, छलफल र अर्न्तक्रिया गरी सरोकारवालाहरुको संलग्नता बढाउन पर्दछ । बालविकास केन्द्रको नियमति निरीक्षण अनुगमन र अवलोकन गर्ने परिपाटीको सुरुवात गर्नुपर्ने देखिन्छ । यसको साथै विद्यालयका प्र.अ.लाई शिक्षण सिकाइका लागि थप जिम्मेवारी बनाइनु पर्दछ ।

ङ) वर्तमान परिस्थितीमा सहयोगी कार्यकर्ताको पारिश्रमिक, सेवा सुविधा वृद्धि गरी उनीहरुको सेवा सुविधा, तालिम र पारिश्रमिकको उचित व्यवस्था गर्नु गर्ने देखिन्छ ।

### ५.३.१. थप अध्ययनका लागि सिफारिस

यस्तै प्रकारका थप अध्ययन अन्य शिर्षकमा रहेर गर्न सकिने सिफारिस गरिएको छ ।

क) बालविकास केन्द्रको शिक्षण सिकाइमा भौतिक व्यवस्थापन ।

ख) बालविकास केन्द्रको शिक्षण सिकाइमा सहयोगी कार्यकर्ताको भूमिका ।

ग) बालविकास केन्द्रको शिक्षण सिकाइमा विद्यार्थी सहभागिता ।

घ) बालविकास केन्द्रको शिक्षण सिकाइमा शैक्षिक सामग्री प्रयोगको प्रभावकारिता ।

# सन्दर्भसामग्री


अधिकारी, प्रमोद (२०६५), **विद्यालयको शिक्षण सुधारमा प्रधानाध्यापको भूमिका,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्प्स भरतपुर, चितवन ।

आचार्य, लोचन (२०६८ बैशाख १८), **मनोविज्ञान बुझौ बाल व्यवहार गरौ,** अन्नपूर्णपोष्ट राष्ट्रिय दैनिक ।

ओली, लवराज (२०६८, बैशाख १६), **कसरी नयाँ गर्ने नयाँ बालबालिकाको हेरचाह** , एजुकेशनल पेजेज पाक्षिक ।

काफ्ले बासुदेव र अन्य (२०५८), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

ज.ब.रा, स्वयंप्रकाश (२०५६), **बालविकास र सिकाइ,** काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

नागेन्द्र (२०६३), **बाल विकास र सिकाइ,** काठमाण्डौ, पैरवी प्रकाशन ।

नेपाल सरकार शिक्षा विभाग(२०६२), **प्रारम्भिक बालविकास दिग्दर्शन पाठ्यक्रम ।**

नेपाल सरकार  शिक्षा विभाग (२०६१) **बालविकास केन्द्र निर्देशिका ।**

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६४), **सबैको लागि शिक्षा सहयोगी पुस्तिका ।**

**नेपालको अन्तरिम संविधान** (२०६३), काठमाण्डौः  शुलभ प्रकाशन ।

पाण्डेय, झबिन्द्र प्रसाद (२०६७), **बालविकास केन्द्रको शैक्षिक व्यवस्थापन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन  ।

पौडेल, हरी (२०६८, बैशाख ८), **विद्यालयमा अभिभावकको भूमिका,** गोरखापत्र राष्ट्रिय दैनिक ।

**प्रारम्भिक बाल शिक्षण स्रोत सामग्री** (२०५८), श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

बराल, प्रकाश (२०६८), बैशाख २), **३२ बालविकास केन्द्र  स्थापना,** कान्तिपुर राष्ट्रिय दैनिक ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र (१९४८), **नेपाली अनुवाद टिचिङ्ग ह्युमन राइट्स २००३,** राष्ट्रिय मानव अधिकार आयोग, नेपाल ।

सापकोटा, रमाकान्त (२०६०), **प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोगको तुलना**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर ।

शैक्षिक प्रशिक्षक प्रशिक्षण निर्देशिका (२०६३) **सजाय रहित शिक्षण सिकाइ तरिका सम्बन्धि शिक्षक तालिम कार्यक्रम,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

शर्मा, चिरन्जीवी र निर्मला (२०५३), **शिक्षा मनोविज्ञान,** काठमाण्डौः एम.के पब्लिकेशन ।

शर्मा, चिरन्जीवी र निर्मला (२०६४), **कक्षाकोठा मनोविज्ञान,** काण्ठमाण्डौः एम.के.पब्लिकेशन ।

शिक्षा विभाग, बालविकास शाखा(२०५८) **शिक्षण स्रोत सामग्री** ।

**शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली** (२०५९), काठमाण्डौः मकालु प्रकाशन ।

शिक्षा मन्त्रालय (२०६६-२०७२), **विद्यालय क्षेत्र सुधार योजना,** नेपाल सरकार, शिक्षा मन्त्रालय ।

CDC/MOE (2005), **National Curriculum Framework for School Education, (Pre-Primary - 12) in Nepal,** Bhaktapur: CDC

Nirbikar, Shrestha (2000) **Curriculum Method of Teaching and Evaluation Documents for Pre Primary Schools,** Revised on January (2000)

## बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची १

## अध्ययनका लागि छनौट गरिएका बालविकास केन्द्रको विवरण

| क्र.स | विद्यालय/बालविकास केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १ | सहिद स्मृति मा.वि., पारसनगर | गीतानगर-६, पारसनगर |
| २ | नि.मा.वि., देवनगर | गीतानगर-४, देवनगर |
| ३ | मा.वि., इन्द्रपुरी | गीतानगर-८, इन्द्रपुरी |
| ४ | रा.प्रा.वि., उज्जवलनगर | गीतानगर-१, उज्वलनगर |
| ५ | श्री.मा.वि., गौरीगंज | भ.न.पा.-८, गौरीगंज |
| ६ | प्रेमवस्ती उ.मा.वि., प्रेमवस्ती | भ.न.पा.-७, प्रेमवस्ती |
| ७ | शरदपुर उ.मा.वि., शरदपुर | भ.न.पा.-८, शरदपुर |
| ८ | राष्ट्रिय माध्यमिक विद्यालय, कृष्णपुर | भ.न.पा.-७, कृष्णपुर |

## बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची २

## अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नाम :                                        अभिभावकको नाम :

१) तपाईको बच्चाको नाम के हो ? उ कति वर्षको भयो ?

..........................................................................................................

२) के तपाई सधै समयमै बच्चालाई विद्यालय ल्याउने र लैजाने गर्नुहुन्छ ?

..........................................................................................................

३) तपाईको घर देखी विद्यालयसम्म आउन कति समय पैदल हिड्नुपर्छ ?

..........................................................................................................

४) बच्चालाई विद्यालय ल्याउने, लाने गर्दा कुनै सवारी साधन प्रयोग गर्नुहुन्छ ?

..........................................................................................................

५) के तपाई आफ्नो बच्चाको पढाई कस्तो छ भनी विद्यालयमा जाने गर्नुभएको छ ? यदि जाने गर्नुभएको भए कति समयमा जानुहुन्छ ?

..........................................................................................................

६) तपाईले दिउँसोको खाजा नियमित पठाउने गर्नुहुन्छ ?

..........................................................................................................

७) बच्चालाई विद्यालय पठाउँदा पेशा, कापी, कलम र खाजाको व्यवस्था गरेर पठाउनुहुन्छ ?

..........................................................................................................

८) तपाईको बच्चा बालविकास केन्द्रमा पढ्न आएदेखि उस्को बानी व्यवहारमा परिवर्तन भएको अनुभव गर्नु भएको छ ?

..........................................................................................................

९) तपाईको बच्चा विद्यालय जान कत्तिको रमाउँछ ?

..........................................................................................................

१०) बालविकास केन्द्रको शिक्षण सिकाइप्रति कुनै सल्लाह, सुझाव वा गुनासो केही छ ?

..........................................................................................................

## बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची ३

## सहयोगी कार्यकर्ताको लागि अन्तर्वार्ता प्रश्नावली

सहयोगी कार्यकर्ताको नाम : शैक्षिक योग्यता
:

१) तपाईले बालविकास केन्द्रमा शिक्षण गर्नुभएको कति वर्ष भयो ? यस भन्दा पूर्व अनत कतै केहि गर्नु हुन्थ्यो ।

.............................................................................................

२) तपाईलाई कुन प्रक्रियाद्वारा कस्ले नियुक्ति प्रदान गऱ्यो ?

.............................................................................................

३) बालविकास केन्द्रमा नियुक्ति हुनुभन्दा पूर्व कुनै तालिम लिनु भएको थियो कि ? नियुक्ति भैसकेपछि ? तालिम लिएको भए तालिमको अवधी कति थियो ?

.............................................................................................

४) बालमनोविज्ञानको बारेमा केहि कुरा बताउनु सक्नु हुन्छ ?

.............................................................................................

५) तपाईको मासिक तलब कति छ ? के तपाई सन्तुष्ट हुनुहुन्छ ?

.............................................................................................

६) विद्यालयमा कति घण्टा काम गर्नुहुन्छ ?

.............................................................................................

७) तपाईले शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहुन्छ ? सामग्री प्रयोग गर्दा शिक्षण सिकाइ सहज हुन्छ ?

.............................................................................................

८) तपाईलाई कस्तो प्रकारको तालिमको आवश्यकता ठान्नुहुन्छ ?

.............................................................................................

९) तपाईले पाठ्यक्रम, शिक्षक निर्देशिका प्रयोग गर्ने गर्नुभएको छ कि छैन ?

.............................................................................................

१०) तपाईले बाल बालिकालाई शिक्षण गर्दा प्राय कुन विधि प्रयोग गर्नुहुन्छ ?

..................................................................................................

११) प्र.अ. र शिक्षकहरुबाट कस्तो सहयोग  पाउनु भएको छ ?

..................................................................................................

१२) बाल विकास केन्द्रको शिक्षण क्रियाकलापको के कस्ता समस्या छन् ?

..................................................................................................

१३) बालविकास केन्द्रको शिक्षण सिकाइमा सुधार ल्याउन के गर्नुपर्ला ?

..................................................................................................

## बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची ४

## वि.व्य.स, प्र.अ., वि.नि./स्रोत व्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

नाम : पद :

सम्बन्धित विद्यालयको कार्यलय :-

१) बालविकास केन्द्रका लागि सहयोगी कार्यकर्ताको छनौट गर्दा कुन प्रक्रिया अपनाउनु हुन्छ ?

.............................................................................................................

२) सहयोगी कार्यकर्ता छनौटका आधारहरु के के हुन् ?

.............................................................................................................

३) सहयोगी कार्यकर्ता छनौटमा कतै कसैको दबाब आउने गरेको छ कि छैन ? यदि छ भने ?

.............................................................................................................

४) सहयोगी कार्यकर्ताको अनुपस्थितिमा कक्षा कस्तो संचालन गर्दै आउनु भएको छ ?

.............................................................................................................

५) सहयोगी कार्यकर्ताको कक्षा निरीक्षण गर्नू भएको छ ? कति कति समयमा कक्षा निरीक्षण गर्नु हुन्छ ?

.............................................................................................................

६) सहयोगी कार्यकर्ताको नियमित रुपमा तालिममा पठाउनु भएको छ ? त्यस्तो अवस्थामा कक्षा संचालनको बैकल्पिक व्यवस्था के छ ?

.............................................................................................................

७) के बालविकास केन्द्रमा स्वीकृत पाठ्यक्रम अनुसार कक्षा संचालन गरिएको छ ?

.............................................................................................................

८) बालविकास केन्द्रको शिक्षण सिकाइ बातावरण बालमैत्री छ ? छैन भने बालमैत्री कक्षा संचालन गर्न के के गर्नु पर्छ ?

.............................................................................................................

९) बालविकास केन्द्रमा शैक्षिक सामग्री पर्याप्त छ ?

.............................................................................................................

१०) सहयोगी कार्यकर्ताको पारिश्रमिक वृद्धि गर्नेतर्फ केही सोच्नु भएको छ ?

.............................................................................................................

११) बालविकास केन्द्रको शिक्षण सिकाइमा के कस्ता समस्या देख्नु हुन्छ ?

.............................................................................................................

१२) बालविकास केन्द्राके शिक्षण सिकाइ सुधारका उपायहरु के के हुन सक्छन् ?

.............................................................................................................

# बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची ५

## बालविकास केन्द्रको अवलोकन सूची

| क्र.स | विद्यालय वा बालविकास केन्द्रको नाम | शिक्षण सिकाइको स्थिति | | | | खेलकुद तथा शिक्षण सिकाइ सामग्री निर्माण र भण्डारको अवस्था | | | | पाठ्यक्रम निर्देशिका र शिक्षण विधिको प्रयोगको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | सामान्य | कमजोर | उत्तम | मध्यम | सामान्य | कमजोर | उत्तम | मध्यम | सामान्य | कमजोर |
| १ | श्री सहिद स्मृति मा.वि. पारसनगर | | | √ | | | | √ | | | | | √ |
| २ | देवज्याति नि.मा.वि. | | √ | | | | √ | | | | √ | | |
| ३ | इन्द्रपुरी नि.मा.वि. | | | | √ | | | | √ | | | | √ |
| ४ | श्री रा.प्रा.वि., उज्जवलनगर | | √ | | | | √ | | | | √ | | |
| ५ | श्री मा.वि., गैरीगंज | | √ | | | | √ | | | | | | √ |
| ६ | श्री प्रेमवस्तसी उ.मा.वि | √ | | | √ | | √ | | | √ | | | |
| ७ | श्री शरदपुर उ.मा.वि. | | √ | | | | √ | | | | √ | | |
| ८ | श्री रा.प्रा.वि कृष्णनगर | | | √ | | | | √ | | | √ | | |
| नतिजा | | | | | | | | | | | | | |
| प्रतिशत | | | | | | | | | | | | | |

(स्रोत : सम्बन्धित विद्यालय अवलोकन, २०६८)

# बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची ६

### सहयोगी कार्यकर्ता सम्बन्धि विवरण

| क.स | विद्यालय/बालविकास केन्द्रको नाम | सहयोगी कार्यकर्ताको नाम | स.का.कौ शैक्षिक योग्यता | तालिम अवधि | अनुभव वर्ष | काम गर्ने घण्टा | थप पारिश्रमिक |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सहिद स्मृति मा.वि | जानुका भट्टराई | आइ.एड | १० महिना | ५ वर्ष | ५ घण्टा | २८००।- |
| | | सूर्य कुमारी चापागाई | एस.एल.सी | १० दिन | ६ वर्ष | ५ घण्टा | २१,००।- |
| २ | श्री देवज्योती नि.मा.वि | ईश्वरी प्रभा मिश्र | एस.एल.सी | १० दिने, ७ दिने | ७ वर्ष | ६ घण्टा | २००।- |
| | | पवित्रा कुवँर | आइ.एड | ७ दिने | ४ वर्ष | ६ घण्टा | ८००।- |
| ३ | श्री इन्द्रपुरी मा.वि | विनिता दाहाल | आइ.एड | १० दिन | ७ वर्ष | ६ घण्टा | १,८००।- |
| | | विष्णु माया श्रेष्ठ | एस.एल.सी | १० दिन | १५ वर्ष | ६ घण्टा | ३२,००।- |
| ४ | श्री रा.प्रा.वि उज्जवल नगर | मधुगिरी | आइ.एड | १० दिन | ३ वर्ष | ६ घण्टा | १२,००।- |
| | | विष्णु माया सुनार | आइ.एड. | १७ दिन | ३ वर्ष | ६ घण्टा | १२००।- |
| ५ | श्री मा.वि. गौरीगंज | मन्दिरा पौडेल | आइ.एड | १७ दिन | ५ वर्ष | ५ घण्टा | २२००।- |
| ६ | श्री प्रेमवस्ती उ.मा.वि | राधा पण्डित | एस.एल.सी | बालविकास सम्बन्धि सम्पूर्ण तालिम | ११ वर्ष | ६ घण्टा | २७००।- |
| ७ | शरदपुर उ.मा.वि | मिना सापकोटा | वि.एड. | १० दिन | ६ वर्ष | ५ घण्टा | २२००।- |
| ८ | श्री राष्ट्रिय माध्यमिक विद्यालय | श्यामकला कोइराला | एस.एल.सी | १७ दिन | ४ वर्ष | ६ घण्टा | २७००।- |
| | | प्रतिभा पौडेल | वि.एड. | ७ दिन | ४ वर्ष | ६ घण्टा | २७००।- |

स्रोत : सम्बन्धित विद्यालय अभिलेख (२०६८)

# बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

## अनुसूची ७

## दैनिक शिक्षण कार्य तालिका

| | पहिलो घण्टी | | दोस्रो घण्टी | | | तेस्रो घण्टी | चौथो घण्टी | | अतिरिक्त |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० मि. | ३५ मि. | ३५ मि. | १० मि. | | ३५ मि. | ३५ मि. | १० मि. | क्रियाकलाप |
| आइतबार | बालगीत | क्रियाकलाप | | अंग्रेजी बाल गीत | १५ मिनेट छुट्टी समय | अंग्रेजी A,B,C,D चिनाउने | एक हप्तामा सम्म लेखेका आफु खुसी लेख्न लगाउने | A,B,C,D सम्बन्धि बाल गीत | खेलकुद |
| सोमबार | " | " | | अंग्रेजी बाल गीत ABCD | | " | नेपाली Pattern Writing | अंग्रेजी बाल गीत | नाँचगान |
| मङ्गलबार | " | " | | " | | १, २, ३, ४ नेपाली अंक चिनाउने | Math pattern writing | अंग्रेजीमा 0,1,2,3 | बालगीत आदी |
| बुधबार | " | " | | " | | 0,1,2,3 अंग्रेजी अंक चिनाउने | English Pattern writing | " | |
| विहिबार | " | " | | " | | अंग्रेजी भाषामा ABCDचिनाउने | Math Pattern Writing | A,B,C,D, सम्बन्धि बालगीत | |
| शुक्रबार | " | चित्रकला | | " | | " | " | अंग्रेजी बालगीत Right and Left | |
| शनिबार | " | | | | | | | | |

Source : Curriculum, Method of Teaching and Evaluation Documents(2000)

## बालविकास केन्द्रको शिक्षण सिकाइ प्रक्रिया

### अनुसूची ८

### सहयोगी कार्यकर्ता र विद्यार्थी संख्या अनुपात

| क.स | विद्यालय/बालविकास केन्द्रको नाम | सहयोगी कार्यकर्ता को संख्या | विद्यार्थी संख्या | | | सहयोगी कार्यकर्ता र विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा | |
| १ | श्री सहिद स्मृति मा.वि. | २ जना | १० | १४ | २४ | १ : १२ |
| २ | श्री देवज्योती नि.मा.वि | २ जना | १० | ६ | १६ | १ : ८ |
| ३ | श्री इन्द्रपुरी मा.वि | २ जना | १४ | १२ | २६ | १ : १३ |
| ४ | श्री रा.प्रा.वि उज्जवलनगर | २ जना | १७ | १३ | ३० | १ : १५ |
| ५ | श्री मा.वि. गौरीगंज | १ जना | ९ | १० | १९ | १ : १९ |
| ६ | श्री प्रेमवस्ती उ.मा.वि | १ जना | १२ | २१ | ३३ | १ : ३३ |
| ७ | शरदपुर उ.मा.वि | १ जना | १० | १६ | २६ | १ : २६ |
| ८ | श्री राष्ट्रिय मा.वि | २ जना | १६ | १६ | ३२ | १ : १६ |
| | जम्मा | १३ जना | ९८ | १०८ | २०६ | |

(स्रोत : सम्बन्धित विद्यालय अभिलेख २०६८)